## मन्तव्य :

सहकारिता ग्रामीण विकासको आधार हो । सहकारी मार्फत सदस्यहरुको आर्थिक, सामाजिक र सास्कृतिक विकासका विविध संभावनाहरु साकार हुने हुंदा समाजमा रहेका विभिन्न वर्ग, जात, जाती एवम् आम जन-समुदायलाई आर्थिक रुपमा परिचालन गरी सहकारी मार्फत आय, आर्जन कार्यक्रम संचालन गर्दै यसको सम्बर्द्धन र विकासका निम्ति नेपाल सरकार क्रियाशिल रहँदै आएको छ ।

स्वस्फूर्त रुपमा सफल सहकारिताको विकास मुलुकमा होस् भन्ने भावनाबाट सहकारी विभागबाट सहकारी प्रवर्द्धन कार्यक्रमहरु संचालन गरिँदै आएको छ । यसबाट सदस्यहरुको व्यवस्थापकिय दक्षता अभिबृद्धि समेत भई सदस्यहरुको क्रियाशिलतालाई अझ बढी संबर्द्धन गर्न मद्दत पुग्दछ । यसै अनुरुप सहकारी शिक्षा र तालिम कार्यक्रमहरु संचालन गरिदै आएका छन् ।

सहकारी प्रणालीमा महिला, पूरुष दुवैको उल्लेख्य रुपमा सहभागिता भएको खण्डमा सहकारीमा हुने सबै खाले विकृती समेतलाई नियन्त्रण गर्न समेत मद्दत मिल्ने विश्वास गरिन्छ । हाल नेपालको परिप्रेक्ष्यमा सहकारीमा महिला सहभागिता न्यून रहेको सन्दर्भमा सहकारीमा लैङ्गिक समानता कायम गर्ने विधि पहिचाहनका लागि आर्थिक वर्ष २०६२।०६३ मा सहकारी सुदृढिकरण आयोजना अन्तर्गत यस निर्देशिका/पुस्तिका लेखन कार्य गरिएको हो । प्रस्तुत पुस्तिकामा सहकारीमा लेङ्गिक समानताका आधार र विधि कसरी समाहित गर्ने भन्ने विषयहरु समावेश गरिएका छन् । सहकारी संघ संस्थामा लैङ्गिक समानता कायम गर्ने विषयमा जनकारी दिन प्रस्तुत पुस्तिका उपयोगी भई महिला सदस्यहरुलाई सफल सहकारी संस्थाहरु प्रवर्द्धन गर्न र विकासमा सहयोग पुग्ने अपेक्षा मैले लिएको छु ।

यस पुस्तिकाले सरोकारवालाहरुमा लैङ्गिक परिचालन विधिको आधार भूत ज्ञान प्रवाह गर्ने विश्वास गरिएको छ । यो पुस्तिका पूर्णता भने होइन । कतिपय क्षेत्रलाई पूर्ण रुपमा नसमेटेको पनि हुन सक्छ । तसर्थ यसमा भएका कमि, कमजोरीहरुलाई हटाई सुधारका निमित्त आवश्यक सुझावहरु प्रस्तुत गर्ने जिम्मेवारी विज्ञ पाठकहरुमा रहकै हुनाले सदा झैं सहयोगी र रचनात्मक सुझावको अपेक्षा गरेको छु ।

अन्त्यमा यस पुस्तिका लेखन कार्यमा संलग्न हुने यस विभागका शाखा अधिकृत. श्री प्रल्हाद पोखरेललाई धन्यवाद दिंदै कम्प्यूटर सम्बन्धी कार्य गर्ने विभागका टाईपिष्ट ना.सु. श्री शुक्रराम तण्डुकार लगायत प्रस्तुत कार्यको संयोजन गर्ने यस विभागका पूर्व उप-रजिष्ट्रार श्री शिशिर कुमार ढुङ्गाना लगायत यस पुस्तिकाको तयारीको क्रममा आवश्यक सहयोग र सुझाव दिने सम्बन्धित क्षेत्रका विज्ञ वर्गहरुलाई समेत हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । धन्यवाद ।

टंकमणि शर्मा
रजिष्ट्रार

# सहकारी संघ/संस्थामा लैङ्गिक समानता कायम गर्ने विधि

# (Gender Equality in cooperative)

## लैङ्गिक समानता

नेपाल सरकार
कृषि तथा सहकारी मन्त्रालय
सहकारी विभाग
२०६३

विषय सूची

**परिचय** ४
१.१ पृष्ठभूमि ४
१.२ परिचय : ४
१.३ उद्देश्यहरू ५
**सहकारी संस्थामा लैङ्गिक समानताको अवधारणा र प्रयासहरु** ६
२.१ सहकारी संघ/संस्थामा लैङ्गिक समानताको अवधारणा : ६
२.२ सहकारीमा लैङ्गिक समानता सम्वन्धी विश्वव्यापी प्रयास : ६
२.३ नेपालको सहकारी अभियानमा लैङ्गिक समानता : ७
**सहकारी संस्थामा लैङ्गिक समानता कायम गर्न सकिने क्षेत्रहरु** ८
(क) सहकारी शिक्षा र तालिममा महिला सहभागिता ९
१.आधारभूत सहकारी जागरण तालिम कार्यक्रम : ९
२.संस्थाले संचालन गर्ने तालिम : ९
३.सहकारी व्यवस्थापन/व्यवसाय प्रवर्द्धन तालिम : ९
४.महिला केन्द्रीत तालिम कार्यक्रम : ९
५.महिला सीप विकास र आय आर्जन तालिम : १०
६.क्षेत्रीय र जिल्ला स्तरका तालिम कार्यक्रम : १०
**७.सहकारी संस्थाको तर्फबाट आयोजना गरिने छलफल/अन्तर क्रिया/तालिम कार्यक्रम :** १०
८.सहकारी सम्बन्धी प्रशिक्षक प्रशिक्षण कार्यक्रम : १०
**९.सहकारी शिक्षा तथा तालिम कार्यक्रममा महिला सहभागिता बृद्धि गर्न ध्यान दिनु पर्ने पक्षहरू :** ११
ख.सहकारी संस्थाको सदस्यतामा महिला सहभागिता ११
१.विनियममा नै महिला सहभागिता सुनिश्चित गर्ने : १२
२.सदस्यताका लागि पैरवी/वहस/चेतना जागृत गराउने : १२
३.महिला सदस्यका लागि विशेष कार्यक्रम संचालन : १२
४.महिला सदस्यका लागि सहुलियतपूर्ण व्यवस्था : १२
५.महिला नेतृत्व विकास : १२
६.प्रत्यक्ष रोजगारीमा महिलालाई अवसर : १३
७.सदस्यताका लागि आवश्यक कागजातमा सरलीकरण : १३
**८.सहकारी संस्थामा महिला सदस्य विस्तारका लागि ध्यान पुऱ्याउनु पर्ने पक्षहरू: १३**
(ग)सहकारी नेतृत्व विकासमा लैङ्गिक समानता : १४
१.संचालक समितिको सदस्यमा महिला प्रतिनिधित्व : १५
२.लेखा सुपरिवेक्षण समितिको सदस्यमा महिला सहभागिता : १५
३.केन्द्रीय प्रतिनिधि वा प्रतिनिधित्वमा महिला सहभागिता : १५
४.प्रतिनिधि मण्डल/छानविन कार्यमा महिला सहभागिता वृद्धि । १६
५.निर्वाचित हुने निकायमा महिला उम्मेदवारको संख्या बढाउने । १६

६.सहकारी संस्थाको नेतृत्वमा लैङ्गिक समानता कायम गर्दा ध्यान पुऱ्याउनु पर्ने पक्षहरू : १६
घ. सहकारी संस्थाबाट प्रदान गरिने सेवा/सुविधाको वितरण प्रणालीमा समानता : १७
१.महिला सदस्यताको संख्यामा बृद्धि : १८
२.महिलाको निमित्त सरल र सुविधाजनक व्यवस्था : १८
३.कर्जाको निमित्त दिइने धितो सम्बन्धी व्यवस्था : १८
४.महिला सदस्यमा गरिएको लगानीको ब्याजमा सहुलियत : १८
६.महिला सदस्यबाट उत्पादित वस्तुको बजारीकरणमा सहुलियत : १८
७.महिला सीप प्रवर्द्धन गर्ने महिला लघु कर्जामा प्राथमिकता : १९
**८.सहकारी संस्थाको सेवा प्रवाहमा लैङ्गिक समानता कायम गराउँदा ध्यान दिनुपर्ने पक्षहरु पक्षहरु :** १९
**(ङ)महिला लक्ष्यित कार्यक्रम :** २०
१.महिला शिक्षा कार्यक्रम : २०
२.महिला स्वास्थ्य कार्यक्रम : २०
३.महिला आय आर्जन कार्यक्रम : २१
४.महिला अधिकार संरक्षण सम्बन्धी कार्यक्रम : २१
५.महिला लक्ष्यित कार्यक्रमको निमित्त ध्यान दिनुपर्ने पक्षहरू २१

**निष्कर्ष** २२
अनुसूचि १ २३
अनुसूचि २ २४
अनुसूचि ३ २५
अनुसूचि ४ २६
अनुसूचि ५ २७
सन्दर्भ सामाग्री २८

## परिच्छेद -१

# परिचय

## १.१ पृष्ठभूमि

विश्वका अति कम विकसित मुलुकहरुमा करिव ६९ प्रतिशत जनताहरु गरिवी र भोकमरीको समस्याबाट पिडित रहेको अनुमान गरिएको छ। नेपाल पनि यो समस्याबाट मुक्त रहन सकेको छैन। देशको कूल जनसंख्याको करिव ३८ प्रतिशत जनता अझै पनि गरिवीको रेखामुनिका रहेका छन्। ग्रामिण जनता खासगरी दलित, महिला जनजातीहरु यसबाट बढी प्रभावित रहेका छन्। गरिवीको संख्या कुल जनसंख्याको ३८ प्रतिशत भएतापनि ती मध्ये करिव ५६ प्रतिशत ग्रामिण महिलाहरु गरिवीको रेखामुनी रहेको अनुमान गरिएको छ। अन्य अविकसित मुलुकहरुमा झै नेपालमा पनि पुरुष भन्दा महिलाहरु नै गरिवी र पछौटेपनको शिकार भएका छन। नेपाली महिलाहरु आर्थिक रुपमा मात्रै नभई सामाजिक, कानूनी, शैक्षिक, स्वास्थ्य आदि प्रत्येक क्षेत्रमा पछाडी परेका छन्। यसरी महिलाहरु पुरुष सरह उत्पादनशील कार्यमा सरिक हुंदा हुदै पनि उत्पादनका प्रतिफल उपयोग गर्न र अवसर प्राप्त गर्न पछाडी पर्नुको खास कारण मध्ये शिक्षा, स्वास्थ्य, रोजगारीका अवसरमा रहेको असमानता, उत्पादनका साधन तथा प्रविधिमा न्यून पहुंच, सम्पत्तिको अधिकार र उपयोगमा न्यून अवसर, अन्धविश्वासको परम्परागत मान्यता जस्ता कारणले महिलाहरु विकासको मूल प्रवाहमा समाहित हुन सकेका छैन।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३५ को उपधारा (२)ले सरकारी, सहकारिता र नीजि क्षेत्रको माध्यामबाट मुलुकमा अर्थ तन्त्रको विकास गर्ने नीति राज्यले अवलम्बन गर्ने उल्लेख छ। त्यसै गरी सोही धाराको उपधारा ८ ले महिला वर्गको शिक्षा, स्वास्थ्य र रोजगारीको विशेष व्यवस्था गरी राष्ट्रिय विकासमा आधिकारिक सहभागी बनाउने नीति राज्यले अबलम्बन गरेको छ। यसै परिप्रेक्ष्यमा समविकासको अवधारणालाई आत्मसात गर्ने र संविधान प्रदत्त समानताको हकको प्रत्याभूति गर्ने दिशामा हाम्रो योजना, नीति र कार्यक्रमहरु परिलक्षियत छन्। यसका अतिरिक्त नेपालले पनि महिलाका उपर हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि,

वेजिङ्ग घोषणापत्र (Beijing Platform for Action-95) लगायत अन्य सन्धी/सम्झौताहरुलाई अनुमोदन गर्दै महिला अधिकार र विकासको क्षेत्रलाई सुनिश्चित गर्ने प्रयास निरन्तर जारी राखेको छ ।

## १.२ परिचय :

महिलालाई विकासको मूल प्रवाहमा समाहित गर्दै समतामूलक राज्य प्रणालीको निर्माणका निमित्त सरकारी तथा गैर सरकारी स्तरबाट समेत भएको प्रयासमा नेपाल सरकारले प्रतिवद्धता गरेका सन्धी/संझौताहरु मार्ग निर्देशनको रुपमा रहेका छन् । सहकारी संघ/संस्थाहरुले समाजमा आफ्ना सदस्यहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासको निमित्त श्रोत र साधनहरुको परिचालन गर्ने सक्षमता राख्दछन् । यी संघ/संस्थाहरुको प्रभावकारी परिचालनबाट गरिवी न्यूनिकरणका प्रयासले सार्थकता पाउनुका अतिरिक्त नेतृत्व र उद्यमशिलताको विकासको मार्ग समेत सहज हुन्छ ।

सहकारी संघ/संस्थाहरु स्थानीय स्तरका प्रभावकारी संरचना भएका र ती संरचनामा महिलाको पहुंच बढाउन सकिने कारणले गर्दा महिलालाई विकासको मूल प्रवाहमा समाहित गराउने संयन्त्रको रुपमा यी संस्थाहरुको उपयोग गर्न सकिने संभावना रहेको छ । महिलाहरुको क्षमता, विकासका लागि महिला नेतृत्व तथा उद्यमशिलताको विकास गरि उनीहरुको आय आर्जन क्षमता बृद्धि गर्न सहकारी संस्थाहरु प्रभावकारी हुने तथ्य प्रमाणित पनि भई सकेको छ ।

नेपालको सन्दर्भमा लैङ्गिक समानता कायम गर्न महिलालाई विकासको प्रक्रियामा समाहित गर्दै तीनलाई मूल प्रवाहीकरण गर्न ग्रामिण स्तर सम्म गठन भएका सहकारी संस्थाहरुको संभावना प्रवल रहेको छ । महिलाहरुको निर्णय शक्तिको प्रवर्द्धनका लागि सहकारी संघ/संस्थाहरुले स्थान दिने भएकोले महिला लक्षित कार्यक्रमको प्रभावकारीता र पहुंचका निमित्त सहकारी संघ/संस्थाले महिला केन्द्रीत कार्यक्रम संचालन गर्नु जरुरी भएको छ

समन्यायिक र सन्तुलित विकासको आधारको रुपमा रहेका सहकारी संघ/संस्थाहरु मार्फत विश्वव्यापी विकासको वहस बनेको महिला सहभागिता र सशक्तिकरण पक्षहरुलाई सम्वर्द्धन गर्दै न्यून रहेको महिला सहभागिता बढाउन नेपाल अधिराज्य भित्र दर्ता भएका र हुने सहकारी संघ/संस्थाहरुमा महिलाको सहभागिता, (सदस्यता तथा व्यवस्थापन) उद्यमशिलता एवं नेपालको विकासका क्षेत्रमा अगाडी ल्याउन सम सामयिक र एकरुपको पद्धती निर्माण गर्नु जरुरी भएकोले प्रस्तुत कार्यविधि तयार गर्ने प्रयास गरिएको हो ।

## १.३ उद्देश्यहरु

सहकारी संघ/संस्थामा लैङ्गिक समानता कायम गर्न सहयोग पुग्ने अपेक्षा गरिएको प्रस्तुत कार्यविधि निम्न उद्देश्य प्राप्तीका लागि तयार गरिएको हो ।

- ☐ लैङ्गिक दृष्टिकोणबाट सिमान्त स्थितिमा रहेका महिला वर्गको सहकारी संघ/संस्थामा नेतृत्व विकासको क्षेत्र र तरिका पहिचान गर्ने ।
- ☐ सहकारी संघ/संस्थामा महिलाको सहभागिता बृद्धि गरि संस्था संचालनमा दिगोपना ल्याउने मार्ग प्रशस्त गर्ने,
- ☐ महिलाहरुको आय आर्जन क्षमता बृद्धि गर्दै उनीहरुको दैनिक जीवनस्तरमा सुधार गर्न पहिचान गर्ने ।
- ☐ सहकारी संघ/संस्थाले जोड दिनु पर्ने क्षेत्र पहिचान गर्ने, र
- ☐ सहकारी संघ/संस्थालाई लैङ्गिक मैत्री संगठनको रुपमा रुपान्तरण गरि महिला सशक्तिकरणको संरचनागत माध्यमको रुपमा विकसित गर्ने ।

## परिच्छेद–२

# सहकारी संस्थामा लैङ्गिक समानताको अवधारणा र प्रयासहरु

## २.१ सहकारी संघ/संस्थामा लैङ्गिक समानताको अवधारणा :

सहकारी संघ/संस्थाको संचालनमा लैङ्गिक दृष्टिकोणले पिछडिएका वर्गको सहभागितालाई सुनिश्चित गर्दै महिला र पुरुष सदस्यका विचमा संस्था संचालनको व्यवस्थापकीय पक्ष, सदस्यता सहकारी शिक्षा एवं सेवा सुविधा माथीको पहुंच बढाउने र महिलाहरुको उद्यमशिलताको विकास गर्ने अवसरमा महिला र पुरुषका विचमा समानताको स्थिति सृजना गर्नु नै सहकारीको क्षेत्रमा लैङ्गिक समानता कायम गर्नु हो। सहकारी संघ/संस्थाहरुले सदस्यहरुको सामूहिक सक्षमता बढाउन आवश्यक संगठित हुने आधार निर्माण गर्दछन् । सामूहिक शक्तिको निर्माण गर्दै आफ्ना सक्षमता, भावना र विचारहरु प्रकट गर्ने माध्यमको रुपमा सहकारी संघ/संस्थाहरु क्रियाशिल रहन्छन् ।

लैङ्गिक दृष्टिकोणले पिछडिएका महिलाहरुको सवलता र क्रियाशिलता बढाउन, उनीहरुको आवाजलाई वलियो र प्रभावकारी बनाउन एवं तीनमा सचेतता बढाउन सहकारी संस्थाहरुले महत्वपूर्ण योगदान दिन सक्दछन्। महिला सचेतता, जागरुकता एवं शिक्षाको विकासका निमित्त सहकारी संस्थाहरुले योगदान पुऱ्याउंदै स्थानीय स्तर मा महिला केन्द्रीत विकास क्रियाकलाप संचालन गरि समानतायुक्त समाज बनाउन सकिने स्थिति सहकारी संघ/संस्थामा रहन्छ ।

## २.२ सहकारीमा लैङ्गिक समानता सम्वन्धी विश्वव्यापी प्रयास :

विश्वमा महिलाको सामाजिक तथा आर्थिक उत्थानका निमित्त चालिएका क्रियाकलापहरुको पछाडी सहकारी प्रणालीको योगदान पनि उल्लेखनिय रहेको छ। विश्वव्यापी रुपमा नै महिला सहभागितालाई बृद्धि गर्दै सहकारीता मार्फत महिलाको सामाजिक तथा आर्थिक विकासको क्षेत्रहरु पहिल्याउने कार्यहरु आधुनिक सहकारीको स्थापना संगै भएको देखिन्छ । सन् १८४४ मा स्थापना भएको पहिलो सहकारी संस्थाको संस्थापक सदस्य महिला पनि रहेको र त्यस पछि स्थापना भएका सहकारी संस्थामा पनि महिलाको सदस्यता र व्यवस्थापकीय पक्षमा सहभागिता बढेका पाईन्छ ।

सहकारीता मार्फत महिला विकास गर्ने प्रयासलाई अन्तरराष्ट्रिय सहकारी महासंघ संघ सहकारी आन्दोलनले महत्व दिएको छ । सामाजिक विकास सम्वन्धि कोपनहेगन घोषणापत्र तथा महिला र विकास सम्बन्धी वेइजिङ्ग घोषणापत्रले महिला विकासको प्रयासलाई सुनिश्चित गर्ने प्रयास गरेको भएतापनि अन्तर्राष्ट्रिय सहकारी महासंघ (ICA) ले सहकारीता मार्फत महिला विकासका क्षेत्र र संभावनाहरु धेरै पहिले नै पहिल्याएको थियो । ICA ले अनुमोदन गरेको सहकारीमा लैङ्गिक समानता (Gender Equality in Cooperatives) को प्रस्ताव बमोजिम ICA का सदस्य राष्ट्रहरुले सहकारीतामा लैङ्गिक समानता कायम गर्ने प्रयासलाई उच्च प्राथमिकता दिएका छन् । ICA को प्रस्ताव कार्यान्वयन गर्ने सिलसिलामा प्रत्येक सदस्य संस्थाहरुले महिला सहभागिता र सशक्तिकरणका विभिन्न प्रयासहरु गरेको छन् ।

## २.३ नेपालको सहकारी अभियानमा लैङ्गिक समानता :

लैङ्गिक समानताको सन्दर्भमा नेपालको प्रयास अपेक्षाकृत रुपमा सवल बन्न नसकेको यथार्थतालाई विचार गर्दा सहकारी अभियान भित्र पनि लैङ्गिक समानताको अवधारणा सवल हुन सकेको छैन । महिला सहकारी संस्थाहरुको संख्या, सहकारी संस्थामा सदस्यको रुपमा महिला र पुरुषका विचमा रहेको भिन्नता, सहकारी शिक्षा तथा तालिम माथी महिलाको पहुंचको स्थिति, संस्थाको व्यवस्थापनमा महिलाको प्रतिनिधित्व जस्ता लैङ्गिक समानताका सूचकहरु अझ पनि सकारात्मक बन्न सकेका छैनन् ।

सहकारी क्षेत्र राज्यको समष्टी क्षेत्रको एउटा पक्ष भएको कारण राष्ट्रिय स्तर मा रहेका लैङ्गिक समानता सम्बद्ध पक्षहरुले यो क्षेत्रमा पनि प्रभाव पारेको छ। तथापी पछिल्ला दिनहरुमा सहकारी क्षेत्रमा लैङ्गिक समानताका प्रयास र संभावनाले नयां गति लिएको महसुश हुन्छ। लैङ्गिक समानतामूलक समाजको निर्माणका लागि गरि एको कानूनी एवं संस्थागत सुधारका अतिरिक्त जनचेतनाको बढ्दो स्तरले पनि

सहकारी क्षेत्रमा लैङ्गिक समानता कायम गर्ने प्रयासहरु संभावनायुक्त देखिएका हुन ।

नेपालको सन्दर्भमा सहकारी अभियान भित्र लैङ्गिक समानता कायम गराउन सकिने स्थिति रहेको छ । विशेषगरी समाजलाई समूहकृत गराउँदै महिला र पुरुषको नेतृत्व विकास एवं उद्यमशिलताको क्षेत्र उजागर गर्न सहकारी संघ/संस्थाहरुले समान अवसर दिई रहेका छन् । प्रारम्भिक महिला सहकारी संस्थाहरुको स्थापनामा बढेको क्रियाशिलता, महिला नेतृत्व विकासको अवस्था, सहकारी शिक्षा तथा तालिममा महिला सहभागिता बृद्धि जस्ता पक्षले लैङ्गिक समानताको संभावना बृद्धि भएको हो ।

**नेपालका सहकारी अभियानमा महिला सहभागिता**

कुल प्रारम्भिक सहकारी संस्था - ८१५७

महिलाद्वारा मात्र संचालित सहकारी संस्था -

कूल बचत - रु.३३,७२,५०,६५७ ।-

कूल लगानी - रु.३९,९१,७६,४३७ ।-

(२०६२ चैत्र मसान्त सम्म)

सहकारी संघ/संस्थामा लैङ्गिक समानता कायम गर्ने सन्दर्भमा हाल नेपालमा विभिन्न प्रयासहरु गरिएका छन् । यी प्रयासहरु सरकार, निजीक्षेत्र तथा नागरिक समाज समेतको सक्रियतामा अगाडी बढाईएका प्रयासहरु हुन । वुदाँगत रुपमा यसरी गरिएका प्रयासहरु निम्नानुसार छन् ।

- महिला सहकारी संस्थाको स्थापना र संचालनमा सम्बन्धित जिल्लाका महिला विकास कार्यालयहरुका अतिरिक्त गै.स.स.हरुको सक्रियता बृद्धि,
- सहकारी संस्थाको गठनको निमित्त आवश्यक न्यूनतम संख्यामा महिला सहभागिता वढाउने प्रयास,
- सहकारी ऐनको भावना पनि महिला सहितको सहकारी संस्थाको स्थापनामा जोड,
- सहकारी संस्थाको संचालक समिति र लेखा समितिमा महिला प्रतिनिधित्वलाई प्रोत्साहन,
- सहकारी सम्बन्धी शिक्षा र तालिममा महिला सहभागिताको अंशमा बृद्धि,
- राष्ट्रिय सहकारी संघको महिला संचालकको संयोजकत्वमा अधिराज्यका पांचै विकास क्षेत्रका प्रतिनिधिहरु समावेश भएको राष्ट्रिय महिला समिति गठन भई क्रियाशिल,
- महिला वर्गमा आय आर्जनका निमित्त सहकारी संस्था गठन गर्ने सोचमा भएको वढोत्तरी ।

उपरोक्त प्रयासहरुका अतिरिक्त लैङ्गिक दृष्टिकोणले पिछडिएको महिलाको आय आर्जन क्षमता, व्यवस्थापकीय सीप तथा कौशल अभिबृद्धिका लागि प्रत्येक सहकारी संस्थामा महिला लक्ष्यित कार्यक्रम संचालन गर्ने कार्यहरु पनि भएका छन ।

## परिच्छेद–३

# सहकारी संस्थामा लैङ्गिक समानता कायम गर्न सकिने क्षेत्रहरु

सहकारी संस्थालाई लैङ्गिक दृष्टिकोणले समानतायुक्त संरचनाको रुपमा विकसित गर्न समाजमा रहेका महिला र पुरुषका विचमा संस्था संचालन र सो संस्थाको तर्फबाट प्रदान गरिने सेवा उपयोग गर्न सक्ने वातावरण तयार गर्नु पर्दछ । महिलाद्वारा मात्र स्थापना गरिएका सहकारी संस्थाहरुको क्षमता विकासका अतिरिक्त महिला र पुरुष समान रुपमा सदस्य बन्ने सहकारी संस्थाको हकमा संस्थाको व्यवस्थापन र व्यवसायिक क्रियाकलापमा महिलालाई बढी केन्द्रीत गर्दै महिला र पुरुषका विचमा समानता कायम गर्ने उपायहरु अवलम्वन गर्दा नै सहकारी संस्थामा लैङ्गिक समानता कायम गर्न सकिन्छ ।

सहकारी संस्थामा लैङ्गिक समानता कायम गर्दै लैङ्गिक मूलप्रवाहीकरण गर्ने सिलसिलामा महिलालाई सहकारी संस्था संचालन र व्यवस्थापनका केहि क्षेत्रमा विशेष जोड दिनुपर्ने हुन्छ । व्यवस्थापकीय दक्षता बढाउन र संगठित शक्तिको निर्माण गर्न सहकारी संघ/संस्थाको कार्य प्रकृति र संरचनालाई मध्येनजर राख्दा निम्न पक्षमा लैङ्गिक समानता कायम गर्ने प्रयास गर्दा लैङ्गिक मूलप्रवाहीकरण हुने बातावरण निर्माण हुन्छ ।

### सहकारीमा लैङ्गिक समानताका संभावित क्षेत्रहरु




## (क) सहकारी शिक्षा र तालिममा महिला सहभागिता

सहकारी प्रणालीको सफलताका निमित्त सहकारी शिक्षा तथा तालिमको महत्वपूर्ण भूमिका रहन्छ । सहकारी प्रणालीलाई सिद्धान्तनिष्ठ ढंगबाट संचालन गर्न र सहकारी संघ/संस्थालाई दीगो तुल्याउन सहकारी सम्बन्धी सूचना तथा तालिम जरुरी हुन्छ । सहकारी सूचना तथा तालिममा महिला सहभागिता बृद्धि गर्दा सहकारी संस्थाको प्रभावकारी संचालन हुने आधार निर्माण हुने निश्चित छ । सहकारी शिक्षा तथा तालिमको पहुंचमा महिला र पुरुषका विचमा समानता कायम गर्दै व्यवस्थापकीय पक्षमा महिला सहभागिता बढाउन सहकारी सम्बन्धी तालिमको सवालमा निम्नानुसारको व्यवस्था गर्नु पर्दछ ।

### १.आधारभूत सहकारी जागरण तालिम कार्यक्रम :

सहकारी संस्थाको दर्ता गर्नु अगाडी वा दर्ता पछि पनि सहकारी सम्बन्धी सिद्धान्त, मूल्य र मान्यताका वारेमा सदस्यहरुलाई जानकार बनाउनु पर्दछ । सहकारी प्रणालीमा संलग्न भएर गर्नु हुने र नहुने कार्यका बारेमा जानकारी दिन यस प्रकारको जागरण तालिम जरुरी हुन्छ । आधारभूत सहकारी जागरण तालिममा सहकारी संस्था दर्ता हुनु अगाडी सदस्यले गर्नुपर्ने कार्यहरु, सदस्य बनेपछि वहन गर्नुपर्ने भूमिका र कार्यहरुका वारेमा प्रशिक्षण दिइन्छ । सहकारी संस्थाको जगको रुपमा रहेका सदस्यहरुलाई संस्था प्रति जागरुक र क्रियाशिल गराउने यस प्रकारको तालिम कार्यक्रममा महिला सदस्यहरुलाई संख्यात्मक आधारमा कम्तिमा पनि ५०/५१ सहभागिता गराउनु पर्दछ । सहकारी सम्बन्धी पहिलो चरणका जानकारी दिने यो तालिममा महिला सहभागिताको बृद्धिले संस्थालाई दीगो र सिद्धान्त अनुरुप संचालन गर्न सहयोग पुऱ्याउँछ ।

### २. संस्थाले संचालन गर्ने तालिम :

सहकारी संस्थाले आफ्नो शिक्षा कोषको अतिरिक्त अन्य श्रोतको परिचालन गरि विभिन्न प्रकारका तालिम र गोष्ठीहरु संचालन गर्न सक्दछन् । यसरी संचालन गर्ने तालिम तथा कार्यक्रममा संस्थाको सक्षमताका आधारमा पुरुष सदस्यको तुलनामा केही सहुलियत प्रदान गरि महिलालाई कम्तिमा पनि पुरुष र महिलाका विचमा १:१ को अनुपातमा तालिममा सहभागि गराउनु पर्दछ । यसरी संचालन गरिने तालिममा सदस्यको स्वामित्वभाव बढ्नुका साथै प्रभावकारिता पनि बृद्धि हुन्छ ।

## ३. सहकारी व्यवस्थापन/व्यवसाय प्रवर्द्धन तालिम :

सहकारी संस्थाका पदाधिकारी तथा कर्मचारीलाई प्रदान गरिने सहकारी व्यवस्थापन तथा व्यवसाय प्रवर्द्धन तालिमले सहकारी संस्था संचालनका तौर तरिका तथा विधिका वारेमा जानकारी दिन्छ। सहकारीताको क्षेत्रमा उदाएका नयाँ मान्यता, विचार, धारणा तथा व्यवस्थापकीय सीपका अतिरिक्त सफल रुपमा सहकारी संस्था संचालनका उपायहरुका वारेमा जानकारी दिन यो तालिम उपयोगी हुन्छ। व्यवस्थापकीय दक्षता र क्षमता बढाउन सहयोग पुऱ्याउने यस प्रकारको तालिममा महिला सहभागिता बढाउंदा सहकारीको भावी नेतृत्व समेत विकास हुने र पदाधिकारीले आफ्नो क्षमता समेत विकास गरि सफल हुन सक्ने कारणले लैङ्गिक-मैत्री व्यवस्थापनमा निमित्त यस प्रकारका तालिममा सहभागि हुने सदस्यहरु कम्तिमा पनि पुरुष र महिलाका विचको अनुपात २:१ हुनु पर्दछ।

## ४.महिला केन्द्रीत तालिम कार्यक्रम :

सहकारी संस्थाहरु सामाजिक र आर्थिक हित सम्बर्द्धन गर्ने व्यावसायिक इकाईहरु भएको कारण संस्थाले संचालन गर्ने कार्यक्रमबाट सदस्यहरु पूर्ण रुपमा लाभान्वित हुनुपर्दछ। सहकारी संस्थाको सदस्य प्रतिको दायित्व निर्वाह गर्ने क्रममा संस्थाले आफ्ना सदस्यहरुलाई विशेष प्रकारको सेवा/सुविधा दिनु पर्दछ। यस क्रममा संस्थाको तर्फबाट संस्थाका महिला सदस्यहरुलाई केन्द्रीत गरि महिला अधिकार , परिवार नियोजन, सुरक्षित मातृत्व, महिला तथा प्रौढ शिक्षा एवं स्वास्थ्य लगायतका उपयोगी कार्यक्रमहरु संचालन गरि सदस्यलाई फाइदा पुऱ्याउनु पर्दछ। यस प्रकार का कार्यक्रमले संस्थामा महिला सहभागिता वृद्धि गराउन प्रेरित गर्दछ।

## ५.महिला सीप विकास र आय आर्जन तालिम :

सहकारी संस्थामा महिलाको संलग्नता बढाउन र महिला सदस्यको व्यावसायिक क्षमता अभिबृद्धि गर्न उनीहरुको लागि छुट्टै र विशेष प्रकारका कार्यक्रमहरु संचालन गरिनु पर्दछ। विशेष गरी थोरै पूंजीबाट संचालन हुन सक्ने प्रकारका परियोजना बनाउन, त्यस्ता परियोजनाबाट उत्पादित वस्तुको बजारीकरणका उपाय थाहा पाउन तथा वैकल्पिक तथा संभावनायुक्त आय आर्जनको क्षेत्र खोजी महिला उद्यमशिलता विकास गर्ने प्रकृतिका तालिम कार्यक्रमहरु संचालन गरि महिला सहभागिता बढाउनु पर्दछ। यस्ता प्रकारका महिला सीप, विकास र आय आर्जन उन्मुख तालिमहरु बार्षिक कार्यक्रमको कम्तिमा ३० ५ कार्यक्रमहरु हुनु पर्दछ।

## ६. क्षेत्रीय र जिल्ला स्तरका तालिम कार्यक्रम :

सहकारी विभाग अन्तर्गतका क्षेत्रीय तथा जिल्ला स्तरका कार्यालयहरुले स्थानीय स्तरमा सहकारी सम्बन्धी तालिमहरु प्रदान गर्ने गर्दछन्। यस्ता तालिम कार्यक्रमहरुमा स्थानीय सहकारीकर्मिहरुको सहभागिता पनि अधिक हुने, सहकारी कर्मिहरुलाई तालिममा सहभागिता जनाउन बढी खर्च पनि नलाग्ने र व्यवहारिक समस्याहरु पनि कम हुने कारणले गर्दा त्यस्ता प्रकारका तालिम कार्यक्रममा महिला सहभागिता बढाउन सकिन्छ। यस्ता तालिम कार्यक्रमलाई लैङ्गिक मैत्री तुल्याउन प्रशिक्षकको रुपमा उपलव्ध भए सम्म पचास प्रतिशत महिला प्रशिक्षकको व्यवस्था गर्नुका अतिरिक्त प्रशिक्षार्थीको छनौट गर्दा कम्तिमा पनि महिला र पुरुषको विचको अनुपात वरावरी हुनु पर्दछ।

## ७. सहकारी संस्थाको तर्फबाट आयोजना गरिने छलफल/अन्तर क्रिया/तालिम कार्यक्रम:

सहकारी संस्थाले आफ्नो नियमित कार्यक्रम अनुसार विभिन्न सन्देशमूलक कार्यक्रमहरु संचालन गर्दछन्। सदस्यहरुलाई सचेत गराउन यस प्रकारका सचेतनामूलक कार्यक्रममा सदस्यहरुको सहभागिता बढ्नु पर्दछ। तसर्थ, यस्ता प्रकारका नियमित कार्यक्रमहरुमा महिला सहभागिताको स्तर बढाउन कार्यक्रम संचालक, वक्ता, प्रशिक्षक, समन्वयकर्ताको जिम्मेवारी महिलालाई पनि दिनुपर्दछ। कार्यक्रम संचालक र प्रशिक्षार्थी वा सहभागिको संरचनामा सबै उमेर, वर्गका महिला कम्तिमा पनि वरावरीको अनुपातमा कायम गर्नुपर्दछ। यसरी संस्थाले संचालन गर्ने कार्यक्रमहरुमा महिला सहभागिता वृद्धि हुंदा संस्थाका भावी गतिविधि र कार्यक्रमहरुले दीगोपन प्राप्त गर्न सक्दछन् ।

## ८.सहकारी सम्बन्धी प्रशिक्षक प्रशिक्षण कार्यक्रम :

सहकारी सम्बन्धी दक्ष प्रशिक्षकहरु तयार गर्ने उद्देश्यले सहकारी संघ/संस्था तथा नेपाल सरकारका निकायहरुद्वारा समय समयमा प्रशिक्षक प्रशिक्षण कार्यक्रम संचालन गरिन्छ। प्रशिक्षक प्रशिक्षण कार्यक्रमको माध्यमबाट अधिराज्यमा स्थापना

भएका सहकारी संघ/संस्थामा तालिम कार्यक्रमहरुको पहुंच बढाउन सरल हुन जाने, स्थानीय स्तरमा प्रशिक्षकहरु निर्माण हुने र त्यस्ता प्रशिक्षकहरुले प्रदान गर्ने प्रशिक्षण सस्तो, सरल र विश्वासिलो पनि हुन्छ । यस्ता प्रशिक्षक प्रशिक्षण कार्यक्रममा महिलाको सहभागिता बढाउन सक्दा महिला प्रशिक्षकहरु उत्पादन हुने र यस्ता प्रशिक्षकहरुले दिने प्रशिक्षण प्रति महिलाहरुको उत्साह, महिला मैत्री व्यवहार र महिलाको समस्याहरुलाई सरल रुपमा प्रशिक्षणको दौरानमा प्रतिविम्वित गराउन सकिने कारण लैङ्गिक समानता कायम गराउन यस प्रकारका प्रशिक्षण तालिम (Trainer's Training) मा पुरुष र महिलाको विचका अनुपात कम्तिमा २:१ गर ाउनु पर्दछ ।

## ९.सहकारी शिक्षा तथा तालिम कार्यक्रममा महिला सहभागिता बृद्धि गर्न ध्यान दिनु पर्ने पक्षहरु :

सहकारी संघ/संस्थाले महिला सहभागितालाई सुनिश्चित गर्दै संचालन गर्ने तालिम कार्यक्रमहरुको सफलता त्यस्तो अवस्थामा संभव छ, जुन अवस्थामा महिलाहरु तालिममा सहभागी हुन सक्ने वातावरण तयार हुन्छ । महिला माथी हाल रहेको दोहोरो दायित्व (पारिवारिक र स्वयं)लाई कुशलतापूर्वक वहन गर्दै तालिम कार्यक्रममा सहभागिता जनाउन उनीहरु तालिममा आउन सक्ने वातावरण निर्माण गर्नु पर्दछ । यस्तो वातावरण निर्माण गर्ने सिलसिलामा सामाजिक, आर्थिक, पारिवारिक लगायतका अन्य पक्षहरुलाई पनि विश्लेषण गरि उनीहरुलाई अनुकुल परिस्थिति निर्माण गर्नु पर्दछ । सहकारी संस्थामा आवद्ध हुने सहकारीकर्मि महिलाहरुको संख्या, अवस्था तथा मौजुदा सामाजिक परिवेशको सन्दर्भमा सहकारी सम्बन्धी शिक्षा तथा तालिममा लैङ्गिक समानता कायम गर्ने सिलसिलामा महिला सहभागिता बृद्धि गराउन निम्नानुसार को पक्षमा ध्यान पुऱ्याउनु पर्दछ ।

- ☐ महिलालाई अनुकुल हुने समय र स्थानमा तालिम तथा शिक्षा कार्यक्रम संचालन,
- ☐ सहभागी महिलाको आधारभूत शैक्षिक स्तरमा अभिबृद्धि,
- ☐ तालिम कार्यक्रममा प्रयोग हुने पाठ्य सामाग्री प्रयोग भएका भाषा तथा प्रशिक्षकको शैलीमा सरलता,
- ☐ महिला सहभागिता बृद्धिका लागि वहस/पैरवी, कार्यक्रमको निरन्तरता,
- ☐ आवासिय तालिमको हकमा आवास व्यवस्था,
- ☐ प्रशिक्षार्थीको नावालक वच्चा हेर विचार गर्ने व्यवस्था,
- ☐ तालिम प्राप्ति पछि उक्त तालिमको सदुपयोग गर्ने वातावरण,
- ☐ सम्बन्धित परिवारको सकारात्मक सोच र सहयोग,
- ☐ महिलाहरुको सहभागिता बृद्धिका लागि विशेष व्यवस्था,
- ☐ संस्थाको पदाधिकारीका लागि अनिवार्य तालिमको व्यवस्था,
- ☐ सैद्धान्तिक र व्यवहारिक तालिम शैलीको माध्यमबाट तालिममा सहजता, आदी ।

## ख. सहकारी संस्थाको सदस्यतामा महिला सहभागिता

सहकारी संस्था सदस्यको हितको लागि सदस्यकै सहभागितामा संचालन हुने सेवामूलक व्यावसायिक इकाईहरु हुन । सदस्यबाट संचालित, व्यवस्थित र नियन्त्रित यी संस्थाहरुको सफलता र असफलताका हकदार पनि तिनै सदस्यहरु नै हुन्छन् । सहकारी संस्थाको सदस्य नभई संस्थाले प्रदान गर्ने सेवा उपभोग गर्न पाईदैन । संस्थाको सदस्य बनेपछि मात्र नेतृत्व र उद्यमशिलताका बाटोहरु सुनिश्चित हुन्छन् । तसर्थ सहकारी संस्थामा लैङ्गिक समानता कायम गराउन सर्वप्रथम महिलाहरुको संख्यात्मक र गुणात्मक प्रतिनिधित्व जरुरी हुन्छ । हाल संचालनमा रहेका सहकारी संस्थाका महिला सदस्यहरुको संख्यालाई विश्लेषण गर्दा महिला सदस्यताको संख्या उत्साहजनक देखिंदैन । कुल सदस्य संख्यामा महिलाको अंश करिव ३०% रहेको छ । यसरी कायम भएको सदस्य संख्यामा पनि महिलाद्वारा नै संचालित सहकारी संस्थामा आवद्ध भएका सदस्यहरुको संख्या पनि समावेश भएको कारण महिलाको सहभागिता करिव एक तिहाई भएको भएतापनि महिला र पुरुष दुवै सहभागी भएका सहकारी संस्थामा महिलाको प्रतिनिधित्व भने अझै न्यून नै रहेको छ ।

सहकारी संस्थामा लैङ्गिक समानता कायम गर्न सर्वप्रथम लैङ्गिक दुष्टिकोणले पिछडिएका महिलाहरुलाई सहकारी संस्थामा आवद्ध गराउने कार्यक्रम संचालन हुनुपर्दछ । यस क्रममा महिलाहरु मात्र केन्द्रीत रहेका सहकारी संस्थाको प्रवर्द्धन, महिला र पुरुष दुवै सदस्य हुन सक्ने सहकारी संस्थाको हकमा महिला लक्षित

सदस्यता कार्यक्रम संचालन हुनुपर्दछ । मौजुदा सहकारी ऐन २०४८, तथा सहकारी नियमावली २०४९, सदस्यता लगायतका पक्षमा लैङ्गिक मैत्री रहेको सन्दर्भमा सहकारी संस्थाको सदस्यता सम्बन्धी पक्षमा लैङ्गिक समानता कायम गरि महिलालाई मूलप्रवाहीकरण गर्न निम्नानुसारको कार्यक्रमहरु संचालन गर्नु पर्दछ ।

## १.विनियममा नै महिला सहभागिता सुनिश्चित गर्ने :

सहकारी संस्था संचालनको मूल आधार उक्त संस्थाको विनियमले संस्थाको स्वरुप, शैली, कार्य, उद्देश्य आदिका सुनिश्चितता दिन्छ । संस्था दर्ता गर्दा पनि यहि विनियम स्वीकृती भएपछि नै संस्थाले कानूनी मान्यता पाउने कारणले गर्दा विनियम संस्था संचालनको मूल आधारको रुपमा रहन्छ । यसरी स्वीकृत हुने विनियममा नै महिला सदस्यताका न्यूनतम अंक किटान गरि (जस्तै कम्तिमा ३० प्रतिशत) महिला सदस्य हुनुपर्ने व्यवस्था गरिएमा संस्थामा महिला प्रतिनिधित्व बढाउन सकिने र यसबाट लैङ्गिक समानता कायम हुने वातावरण वन्दछ ।

## २. सदस्यताका लागि पैरवी/वहस/चेतना जागृत गराउने :

सहकारी संस्थामा महिला सहभागिता बढाउन संस्थाको कार्यक्षेत्र भित्र विभिन्न प्रकारका चेतनामूलक कार्यक्रमहरु संचालन गर्नुपर्दछ । यस्ता सचेतना र पैरवी कार्यक्रम मार्फत सम्बन्धित परिवारलाई सहकारी संस्थामा महिला प्रतिनिधित्व गराउने वातावरण वनाउनु जरुरी हुन्छ । यस क्रममा सहकारी संस्थाको सदस्य हुँदा प्राप्त गर्न सकिने फाइदाहरु, सहकारी संस्थाले गर्ने योगदानहरु, महिला सशक्तिकरणका दिशामा सहकारी संस्थाको योगदानका स्वरुपहरु, परिवारका लागि महिला सदस्यले पुऱ्याउने फाइदाहरु सबै जानकारी दिन सार्वजनिक कार्यक्रम वा सदस्य परिचालन गर्ने गर्दा लैङ्गिक समानताको वातावरण निर्माण हुन्छ । यसका लागि संस्थाको तर्फबाट स्थानीय स्कूल, सार्वजनिक भेला वा समारोहको उपयोग गर्न सकिन्छ ।

## ३. महिला सदस्यका लागि विशेष कार्यक्रम संचालन :

सहकारी संस्थामा महिला सहभागिता बढाउन महिला केन्द्रीत कार्यक्रमहरु संचालन गरिनु पर्दछ । सहकारी संस्था मार्फत संचालन हुने यस्ता महिला लक्ष्यित कार्यक्रमहरुले महिलाहरुलाई सहकारी संस्थाको सदस्य बनाउन आकर्षित गर्दछ । महिला उत्थान र विकास संग सम्बन्धित कार्यक्रमहरु, प्रौढ शिक्षा, महिला शिक्षा, वातावरण संरक्षण, महिला छात्रबृत्ति, प्रसुती तथा प्रजनन स्वास्थ्य, परिवार नियोजन, महिला अधिकार लगायतका पक्षमा सहकारी संस्थाले कार्यक्रमहरु संचालन गरेर संस्थामा महिलाको क्रियाशिलता बृद्धि गर्नु पर्दछ । यस प्रकारका कार्यक्रमहरु सहकारी संस्थाकै अगुवाईमा आफ्नै वा वाह्रय श्रोत परिचालन गरि गर्न सक्दछ ।

## ४. महिला सदस्यका लागि सहुलियतपूर्ण व्यवस्था :

महिला र पुरुषका विचमा सह-सम्बन्ध कायम गर्ने सिलसिलामा महिलाहरु लक्ष्यित कार्यक्रमका अतिरिक्त संस्थाद्वारा संचालन गरिने वा संस्थालाई प्राप्त हुने अवसरहरुमा महिलालाई प्राथमिकता दिनु पर्दछ । शिक्षा, तालिम, भ्रमण जस्ता प्रतिभा प्रफुष्ठटित हुने क्षेत्र, ऋण प्रवाहमा धितो सम्बन्धी सहुलियतपूर्ण व्यवस्था, निशुल्क परियोजना परामर्श, लगायतका क्षेत्रमा महिलालाई सहुलियत दिंदा संस्थाको सदस्यता र गतिविधि प्रति सदस्यहरु विश्वस्त र आकर्षित हुने वातावरण वन्दछ । फलत: सदस्यताको संख्या पनि बढ्छ ।

## ५. महिला नेतृत्व विकास :

लैङ्गिक समानता कायम गर्ने सिलसिलामा सहकारी संरचना भित्र महिलालाई पनि नेतृत्वदायी भूमिका दिनुपर्दछ । महिलालाई संस्थाको संचालक समितिको सदस्यमा अनिवार्य रुपमा प्रतिनिधित्व गराउने व्यवस्था, प्रत्येक समिति तथा उपसमितिहरुमा महिला प्रतिनिधिको व्यवस्था, महिला विकास सम्बन्धी छुट्टै उपसमितिको गठन, संस्थाको तर्फबाट माथिल्लो निकायहरुमा (जिल्ला/विषयगत जिल्ला सहकारी संघ/राष्ट्रिय/केन्द्रीय सहकारी संघहरुमा हुने प्रतिनिधित्वमा महिला प्रतिनिधिको व्यवस्था विषयगत/जिल्ला/केन्द्रीय/राष्ट्रिय सहकारी संस्थामा पनि महिला नेतृत्व र प्रतिनिधित्वको लागि पुरुष र महिलाको विचमा कम्तिमा पनि २:१ को अनुपातमा गर्दा महिलाहरु सहकारी संस्थाको नेतृत्वदायी पदमा पुग्ने र उनीहरुकै प्रेरणावाट महिला सदस्यताको संख्यामा बृद्धि गराउन सकिन्छ ।

## ५. प्रत्यक्ष रोजगारीमा महिलालाई अवसर :

सहकारी संस्थाले आफ्नो कारोवार संचालन गर्न संस्थाको सक्षमताका आधार

मा कर्मचारीहरु नियुक्ति गर्ने गर्दछ। अधिकांश सहकारी संस्थाले कार्यालय व्यवस्थापन हेतु नियुक्ति गर्ने यस प्रकारका कर्मचारीहरुमा महिलालाई पनि यथोचित स्थान दिनुपर्दछ। स्थानिय स्तरमा नै महिलालाई रोजगारी दिने व्यवस्था सहकारी संस्थाले गरेमा महिलाहरु उक्त संस्था प्रति उत्सुक हुने, महिला कर्मचारीले अन्य महिलालाई सदस्यता प्रति उत्प्रेरित गराउन सक्ने र महिला केन्द्रीत कार्यक्रम संचालन गर्न सघाउ पुग्दछ । यसरी रोजगारीमा अवसर दिंदा, पदका लागि निर्धारित शैक्षिक योग्यताका आधारमा महिला र पुरुषको अनुपात १:१ कायम गर्ने गरि कर्मचारी नियुक्ति गर्नुपर्दछ।

### ७. सदस्यताका लागि आवश्यक कागजातमा सरलीकरण :

सहकारी संस्थामा सदस्य बन्न सम्बन्धित संस्थाको कार्यक्षेत्र भित्र वसोवास गरेको कागजात पेश गर्नुपर्दछ । यसरी पेश गर्नुपर्ने कागजातहरुमा नागरिकताको प्रमाणपत्र, मतदाता प्रमाणपत्र, जग्गाधनि प्रमाणपुर्जा आदी कागजात हेरी सदस्यता दिनुपर्ने व्यवस्था रहेको छ । तर अधिकांश महिलाहरुले ती प्रमाणपत्र प्राप्त गर्न सकेका हुंदैनन । यस्तो अवस्थाले संस्थामा महिला सदस्यता बृद्धि गर्न सम्बन्धित कार्यक्षत्रमा बसोवास गरेको भनि संस्थाका सदस्य भईसकेका र सदस्यताका निमित्त आवश्यक प्रमाणपत्र भएका कम्तिमा २ जना सदस्यले सिफारिश गरेमा सदस्यता दिने व्यवस्था गर्दा संस्थामा महिला सहभागिता बढाउन सकिन्छ।

### ८.सहकारी संस्थामा महिला सदस्य विस्तारका लागि ध्यान पुर्‍याउनु पर्ने पक्षहरु :

सहकारी संस्थाहरु सामूहिक प्रयासद्वारा आफ्ना सक्षमता प्रकट गर्ने माध्यम हुन। महिला विकास र महिला केन्द्रीत कार्यक्रमहरुको सफलताका लागि जागरण र क्रियाशिलता बढाउन यी संगठनहरु समाजको तल्लो तहमा प्रभावकारी हुने तथ्य सावित भईसकेको छ। सहकारी सिद्धान्त एवं मूल्य र मान्यताका आधारमा सरल र स्वेच्छिक रुपमा सदस्य बन्दै आफ्ना आवश्यकताहरु परिपूर्ति गर्न सघाउ पुर्‍याउने यी संस्थाहरुको सहि क्रियाशिलताले लैङ्गिक समानताको संभावना बढी रहेको छ। सहकारी संस्थामा महिला सहभागिता बृद्धि गरि लैङ्गिक मैत्री सहकारी संस्था र प्रणालीको निर्माणका लागि निम्न पक्षहरुमा विचार पुर्‍याउनु पर्दछ।

- ☐ सहकारिता र यसका सकारात्मक पक्षका वारेमा जनचेतना बृद्धि गर्ने प्रबृत्तिका प्रचार सामाग्रीको उत्पादन र प्रशारण ,
- ☐ सहकारी संस्था दर्ता र संचालनका लागि महिलालाई सहयोग,
- ☐ महिला केन्द्रीत कार्यक्रम महिला उपस्थिति बृद्धिका लागि तालिमका लागि उपयुक्त समय मिलान,
- ☐ महिला प्रतिको सकारात्मक सोच प्रवर्द्धन गर्ने मानसिकता,
- ☐ पिछडिएका वर्गका महिलाका लागि सहकारी संस्थाको स्थापना र संचालनमा सहयोग,
- ☐ महिलाहरुको सदस्यता सम्बन्धमा छुट्टै सदस्यता नीतिको तर्जुमा,
- ☐ सदस्यता, रोजगारी वा कर्जामा महिलालाई ६० प्रतिशत भन्दा बढी स्थान दिने संस्थाको लागि विशेष सहुलियतको व्यवस्था,
- ☐ नेपाल सरकार वा राष्ट्रिय सहकारी विकास बोर्डबाट गरिने लगानी प्राप्त गर्ने सहकारी संस्थामा महिला सदस्यताको अंश कम्तिमा ५० प्रतिशत हुनुपर्ने व्यवस्था,
- ☐ विषयगत जिल्ला सहकारी संघको स्थापनामा कम्तिमा एकतिहाई महिला सहकारी संस्था सदस्य हुनुपर्ने व्यवस्था,
- ☐ सहकारी प्रशिक्षण केन्द्रहरुबाट प्रदान गरिने तालिम कार्यक्रममा महिला केन्द्रीत तालिमको व्यवस्था आदि ।

सहकारी संस्थाको दर्ता र संचालनको क्रममा महिला सहभागिता बढाउन महिलालाई सदस्यता प्राप्तिका लागि वाधा उत्पन्न हुने आर्थिक, सामाजिक, पारिवारिक तथा पर्यायवरणीय समस्याहरुलाई हटाउनका लागि सहकारी संस्था, संघ एवं नेपाल सरकारको तर्फबाट पनि विभिन्न पक्षमा विभिन्न प्रकारका कार्यक्रमहरु संचालन हुनु पर्दछ।

## (ग) सहकारी नेतृत्व विकासमा लैङ्गिक समानता :

सहकारी संघ/संस्थाहरु सदस्यको हितका लागि सदस्यकै सहभागिता र नेतृत्वमा संचालन हुने व्यावसायिक इकाईहरु हुन । प्रत्येक सहकारी संघ/संस्था आ(आफ्नो सक्षमताका आधारमा निश्चित उद्देश्य प्राप्तिका लागि गठन गरिएका हुन्छन् ।

आफ्नो उद्देश्य प्राप्तिका लागि गठन हुने सहकारी संस्थाको संरचनामा रहने पदाधिकारीहरु पनि संस्थाकै सदस्यहरुबाट छानिएर आएका हुन्छन् ।

सहकारी संस्थाले मूल रुपमा उद्यमशिलता र नेतृत्व विकासका संभावनाहरुलाई प्रवल तुल्याउंछ । सहकारी संस्थामा सबै सदस्यलाई संस्थाको पदाधिकारी निर्वाचित हुन सक्ने र व्यवस्थापकीय पदमा रही कार्य गर्न सक्ने अवसर प्राप्त हुने कारण नेतृत्वको विकास हुन सक्दछ । सहकारी संस्था सदस्यहरुको माझमा आफ्नो नेतृत्व क्षमता देखाउने माध्यम हो । प्रारम्भमा थोरै सदस्य माझ नेतृत्व शैली विकास गर्दै अन्ततः राष्ट्रिय स्तरमा नेतृत्व गर्न सक्ने नेताको निर्माण गर्ने आधारशिला सहकारी संस्थाले प्रदान गर्दछ । सदस्यहरुका वीचमा आफ्नो विचार प्रकट गर्न सक्ने तुल्याउन, सदस्यहरुलाई निश्चित गति र उर्जा प्रदान गर्न तथा आफ्नो क्षमता समेत देखाउन सहयोग पुऱ्याउन सहकारी संस्थाले निम्न तरिकाबाट महिला नेतृत्व विकासका लागि सहयोग पुऱ्याँउछ ।

- ☐ सिमित सदस्यहरु मार्फत सदस्यको आवश्यकता पहिचान गर्दै उनीहरुको अपेक्षा पुरा गर्न सक्ने क्षमता विकसित गर्न,
- ☐ सदस्यहरु नै समाजका सदस्य भएकोले उनीहरुमा कायम रहेको विश्वसनियतालाई अन्य क्षेत्रमा समेत उपयोग गर्न सक्ने वातावरण सृजना गर्न,
- ☐ सहकारी संस्थाको पदाधिकारीले व्यवस्थापकीय भूमिका निर्वाह गर्नुपर्ने र त्यस प्रकारको व्यवस्थापकीय भूमिकाले भविष्यमा पनि व्यवस्थापकीय कौशल पुरा गराउन सहयोग पुग्ने,
- ☐ सहकारी संस्थाका पदाधिकारीहरु प्रतिष्पर्धा मार्फत निर्वाचित हुने कारण समाजको प्रजातान्त्रिकीकरणको प्रक्रियामा सहयोग पुऱ्याउदै प्रजातान्त्रिक नेतृत्वको निर्माणमा सहयोग पुग्ने ।

सहकारी संस्थाले स्थानीय स्तरबाट नै नेतृत्वको विकास गरि दीगो र प्रभावकारी नेतृत्वको निर्माणमा योगदान पुऱ्याउने गर्दछ । सहकारी संस्थाले विकास गर्ने सहकारी नेतृत्वको प्रभावकारितालाई मध्यनजर राख्दा यस्ता नेतृत्वलाई पनि लैङ्गिक दृष्टिकोणले समानता कायम गर्ने प्रकृतिको बनाउनु पर्दछ । महिलालाई सहकारी संस्थाको नेतृत्व लिन सक्ने बनाउदै उनीहरुको व्यवस्थापकीय क्षमता प्रफुष्ठित गर्न उनिहरुलाई नै सहकारी संस्थाका निर्वाचित पदाधिकारीको भूमिका दिन निम्न पक्षमा महिला सहभागिता बढाउने कार्यक्रमहरु संचालन गरिनुपर्दछ ।

## १. संचालक समितिको सदस्यमा महिला प्रतिनिधित्व :

सहकारी संस्थाको कार्यकारिणी अंगको रुपमा रहने संचालक समितिले संस्थाको साधारण सभावाट अनुमोदन गरि कार्यान्वयनका लागि पठाएका विषयहरुमा निर्णय लिने, संस्थाको दैनिक क्रियाकलापहरु संचालन गर्ने व्यवस्थापकीय भूमिका निर्वाह गर्ने लगायतका कार्यहरु गर्ने गर्दछ । संचालक समितिले गर्ने कार्यहरु लगायतका अन्य कार्यहरुको प्रभावकारिताका आधारमा संस्थाको जीवन्तता एवं प्रभावकारिताका लागि संचालक समितिको भूमिका महत्वपुर्ण हुन्छ ।

सहकारी संस्थाको गठन प्रक्रियामा महिला सहभागिता बृद्धि गर्ने कार्यबाट संस्था संचालनमा सुगमता आउंछ । संस्थामा निर्वाचित हुने संचालक समितिको कुल संख्याका एक तिहाई पदमा महिला सदस्यहरु निर्वाचित हुने गरि उम्मेदवारी दिने, साधारण सभाले विभिन्न कार्यका लागि गठन गर्ने उपसमितिहरुमा महिला सदस्यको संयोजकत्व तथा सदस्यतामा उपलव्ध भए सम्म महिला र पुरुषको अनुपात १:१ कायम गर्ने, र अन्य प्रकारका पदहरुमा पनि महिला र पुरुषको विचको अनुपात वर ावर हुने वातावरण तयार गरि महिलाले पुरुष सरह समान रुपमा सहकारी संस्थाको नेतृत्व लिन सक्ने अवस्था सृजना गर्नु पर्दछ ।

## २. लेखा सुपरिवेक्षण समितिको सदस्यमा महिला सहभागिता :

सहकारी संस्थाको लेखा सुपरिवेक्षण समितिले संस्थाको आर्थिक तथा व्यवस्थापकीय पक्षमा संचालक समितिले गरेको निर्णय साधारणसभाको भावना अनुसार भए/नभएको अनुगमन गरि सुधारका लागि निर्देशन दिने गर्दछ । संस्था भित्र आन्तरिक नियन्त्रण प्रणालीलाई स्थापित गर्ने संयन्त्रको रुपमा रहने लेखा सुपरिवेक्षण समितिले संस्थामा शक्ति सन्तुलन र नियन्त्रण कायम गराउन सहयोग पुऱ्याउंछ ।

लेखा सुपरिवेक्षण समितिमा संयोजक सहित तीन जना सदस्य रहने व्यवस्था सहकारी ऐन २०४८ मा गरिएको छ । यो समितिको सदस्यको हैसियतमा क्रियाशिल रही सदस्यहरुले संस्था संचालनका विभिन्न पक्षमा जानकारी राख्न सक्ने भएकोले क्रियाशिल नेतृत्वको निर्माणमा यो समितिले सहयोग पुऱ्याउंछ । सहकारी ऐनले गरेको व्यवस्था बमोजिम प्रत्येक सहकारी संस्थामा हुने लेखा सुपरिवेक्षण समितिको सदस्यमा कम्तिमा पनि एकजना महिला निर्वाचित गराउने कार्यबाट लेखा सुपरि वेक्षण समिति मार्फत महिला नेतृत्व विकासमा योगदान पुग्दछ ।

## ३. केन्द्रीय प्रतिनिधि वा प्रतिनिधित्वमा महिला सहभागिता :

सहकारी संस्थाहरुले अन्तर सहकारी सहयोग र सम्बन्धलाई बलियो बनाउन आफ्नो संगठित इकाईको निर्माण गरेका हुन्छन् । सहकारी संस्थाहरु विभिन्न तहमा रहेर क्रियाशिल हुंदा अन्तर्राष्ट्रिय सहकारी महासंघद्वारा प्रतिपादित अन्तर सहकारी सहयोगको सिद्धान्तलाई आत्मसात गर्ने बाटो सरल हुन्छ । यस प्रकारको संघिय संरचना भित्र संस्थाको तर्फबाट समेत प्रतिनिधित्व हुन्छ । जिल्ला तथा विषयगत जिल्ला सहकारी संघ वा राष्ट्रिय वा विषयगत केन्द्रीय सहकारी संघको संचालनका लागि रहने साधारण सभा, संचालक समिति तथा लेखा सुपरिवेक्षण समितिमा उक्त संघका सदस्य संस्थाका प्रतिनिधिहरु रहने हुंदा ती संघहरुको पदाधिकारी निर्वाचित गर्दा कम्तिमा पनि महिला र पुरुषको विचको अनुपात १:१ कायम गर्ने र जिल्ला स्तरका संघहरुको पदाधिकारी छनौट गर्दा स्थानीय स्तरका महिला प्रतिनिधिहरुलाई कम्तिमा पनि ५० प्रतिशत स्थान दिनु पर्दछ भने केन्द्रीय स्तरका सहकारी संघहरुमा भने न्युनतम पनि महिला सहभागिता १:२ गर्ने व्यवस्थाले लैङ्गिक समानताको अवधारणा व्यवहारमा कार्यान्वयन हुन सक्दछ ।

संघका पदाधिकारीहरुका अतिरिक्त राष्ट्रिय सहकारी बैंकको संचालक समितिमा महिलाको प्रतिनिधित्व बढाउन न्यूनतम रुपमा पनि महिला र पुरुषका विच १:२ को अनुपातमा महिला सहभागिता कायम गराउने, सहकारी सम्बन्धी राष्ट्रिय/अन्तराष्ट्रिय अन्तरक्रिया, छलफल, गोष्ठी आदीमा उपलब्ध भए सम्म १.२ को अनुपातमा महिला र पुरुषका विचमा सहभागिता र नेतृत्वको अवसर प्रदान गर्नु पनि जरुरी हुन्छ । यस सम्वन्धी व्यवस्था सहकारीताको प्रवर्द्धन र विकासका लागि स्थापना गरिएको राष्ट्रिय सहकारी विकास वोर्डमा पनि गर्नु उपर्युक्त हुन्छ ।

## ४. प्रतिनिधि मण्डल/छानविन कार्यमा महिला सहभागिता वृद्धि ।

सहकारी संस्थाहरुले आफ्नो गतिविधिलाई व्यवस्थित तुल्याउने क्रममा संघ/संस्थाहरुको विभिन्न कार्यक्रममा आफ्ना सदस्यहरुलाई सहभागी गराउने कार्य गर्दछन् । व्यवसायिक क्षमता विकास हुने, नयां अनुभव र शिक्षा प्राप्त हुने, अन्तर सहकारी एवं अन्य निकायहरु संगको साझेदारी र समन्वय कायम गर्न महत्वपूर्ण योगदान दिने प्रकृतिका सभा, गोष्ठीमा प्रतिनिधित्व गर्ने वा संस्थाको तर्फबाट अनुसन्धानमूलक प्रकृतिका छानविन कार्यमा महिला सदस्यको सहभागिता वृद्धि गराउंदा संस्थामा लैङ्गिक समानता कायम गर्न सकिन्छ । गोष्ठी/अन्तरक्रिया तथा सम्मेलनमा महिलाका प्रतिनिधित्व बृद्धि गर्दा समसामयिक पक्षको बारेमा महिलाले जानकारी पाई नेतृत्व गर्ने क्षमता बढ्नुका साथै अनुसन्धानमूलक छानविन कार्यमा महिलाहरु संलग्न हुंदा संस्थाका गतिविधि र तीनको स्थितिका वारेमा जानकारी पाई भावी दिनमा तत्सम्बन्धी निर्णयका लागि आवश्यक तथ्यहरुको पहुंच एवं तीनको विश्लेषण क्षमता बृद्धि हुन्छ । यस्तो महिला सफलताको नेतृत्व विकासको बाटो सुनिश्चित हुन्छ । तसर्थ, त्यस्तो क्षेत्रमा लैङ्गिक समानता कायम गर्न महिला र पुरुषका विचमा समान प्रतिनिधित्वको व्यवस्था कायम गर्नु पर्दछ । प्रतिनिधि मण्डलको सदस्यमा महिला र पुरुषका विचमा समानता, छानविन र अनुसन्धान कार्य गर्ने समितिमा महिला र पुरुष विचको समान सहभागिता गरि अनुसन्धानमूलक र सफल नेतृत्व विकास गर्न सकिन्छ ।

## ५. निर्वाचित हुने निकायमा महिला उम्मेदवारको संख्या बढाउने ।

सहकारी संघ/संस्थाको व्यवस्था भएको संरचनामा निर्वाचनको माध्यमबाट पदाधिकारीहरु नियुक्त हुन्छन् । सहकारी सिद्धान्त अनुसार प्रजातान्त्रिक प्रक्रियाबाट निर्वाचित हुने पदाधिकारीको निर्वाचनका लागि उम्मेदवारी दिंदा नै लैङ्गिक दृष्टिकोणले पिछडिएका वर्गका सहभागिता बृद्धि गर्न त्यस्ता पदका लागि उम्मेदवारी दिन महिलाहरुलाई प्रोत्साहित गर्ने, महिला उम्मेदवारका निमित्त विशेष व्यवस्था गर्ने, महिला उम्मेदवारका लागि मनोनयन लगायत उम्मेदवारी समेतको क्षेत्रमा सहयोगी भूमिका निर्वाह गर्ने प्रयासले नेतृत्व विकासमा समान संभाव्यता कायम हुन सक्दछ ।

## ६. सहकारी संस्थाको नेतृत्वमा लैङ्गिक समानता कायम गर्दा ध्यान पुऱ्याउनु पर्ने पक्षहरु :

सहकारी संस्थाहरुले सामाजिक रुपान्तरणका अभियन्ताहरु निर्माण गर्न महत्वपूर्ण योगदान पुऱ्याँउछन् । विशेष गरी समुदायको विश्वास पात्र र समुदायबाट नै विकसित भएको नेतृत्वको निर्माण सहकारी प्रणालीबाट मात्र संभव भएकोले सहकारी संस्थाहरु नेतृत्व विकास गर्ने आधारहरु हुन ।

सहकारी संस्था संचालनको अन्तर्राष्ट्रिय मान्यता र सहकारीताको आधारभूत सिद्धान्त अनुसार संस्थाको सदस्य बन्न योग्यता पुगेका प्रत्येक व्यक्तिले संस्थाको

नेतृत्व वहन गर्न सक्दछन् । तसर्थ, प्रत्येक सहकारी संस्थाले संस्थाका सदस्यहरुको नेतृत्व क्षमता प्रवर्द्धन गर्न सहयोगी हुने उपरोक्त कार्य गर्दा निम्न पक्षहरुमा ध्यान पुऱ्याउनुपर्दछ ।

- ☐ महिला नेतृत्वका लागि सहज वातावरण,
- ☐ महिलाहरुको चेतना बृद्धि,
- ☐ महिला नेतृत्व विकासका लागि उत्प्रेरणा र सहयोग,
- ☐ महिला नेतृत्व प्रति सकारात्मक व्यवहार,
- ☐ महिला नेतृत्वलाई पर्याप्त जिम्मेवारी प्रदान,
- ☐ साधारण सभाको समय, मिति र स्थान निर्धारणमा महिला सदस्यको भावनाको कदर,
- ☐ उत्कृष्ट महिला नेतृत्व छनौट गर्ने परम्पराको विकास,
- ☐ केन्द्रीय स्तरको नेतृत्वमा पनि महिला सहभागिता सुनिश्चित गर्ने कार्यको थालनी, आदी ।

## घ. सहकारी संस्थाबाट प्रदान गरिने सेवा/सुविधाको वितरण प्रणालीमा समानता :

सहकारी संस्थाहरु विशेष गरी आफ्नो सिमित सक्षमतालाई बृहत रुपमा उपयोग गर्ने प्रणाली हुन । सामूहिक हित प्रवर्द्धन गर्दै सदस्यहरुको सामाजिक आर्थिक तथा सांस्कृतिक विकासका बाटो खोल्न संस्थाहरु क्रियाशिल रहन्छन् । सदस्यहरुलाई स्वस्फूर्त रुपमा क्रियाशिल रहँदै आफ्ना आवश्यकताहरु आफ्नै प्रयासद्वारा पूर्ति गर्न सहकारी संस्थाहरुले सदस्यहरुलाई उत्प्रेरित गराउंछन् ।

सहकारी संस्था निश्चित उद्देश्य प्राप्तिका निमित्त समाजका सिमान्त वर्ग माझ लोकप्रिय भएका छन् । संस्थाका सदस्यहरुले संस्थालाई क्रियाशिल गराउन आ( आफ्नो तवरबाट योगदान पनि पुऱ्याउंछन । संस्थाकै माध्यमबाट आफ्नो उद्यमशिलताको विकास गर्ने आधार पनि सहकारी संस्थाले प्रदान गर्दछ । संस्थाको उद्देश्य अनुसार संस्थाले उपलव्ध गराउन सक्ने वस्तु तथा सेवा माथीको सरल र सहज पहुंचले सदस्यहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास संभव हुन्छ । तसर्थ सहकारी संस्थामा सदस्य भएपछि आफ्नो क्षमता अनुसारको भौतिक, वित्तिय र सामाजिक योगदानका आधारमा आफ्ना आवश्यकताहरु परिपूर्ति गर्दै लाभ लिन सकिने तथ्य निर्विवाद छ । सहकारी संस्थाले आफ्ना सदस्यहरुका निमित्त विभिन्न प्रकारका वस्तु तथा सेवा उपलव्ध गराउने गर्दछ । आय आर्जन क्षमता, सामाजिक सह(अस्तित्व, उद्यमशिलता, रोजगारी जन्य प्रकृतिका सेवाहरु सदस्यका लागि उपलव्ध गराउने कार्य सहकारी संस्थाले गर्दछ । यसरी उपलव्ध हुने वस्तु तथा सेवाको प्राप्तिमा महिला र पुरुषका विचमा समान पहुंच स्थापित गर्ने कार्यले महिलाहरुको सक्षमता वढाउन सकिन्छ ।

सहकारी संस्थाहरुको तर्फबाट उपलव्ध गराइएका सेवा/सुविधाहरु मूलतः सहकारी ऐन, सहकारी नियमावलीका साथ साथै सहकारिताका मूल्य, मान्यता एवं सिद्धान्तहरुको आधारमा रहि महिला र पुरुषका लागि समान रुपमा उपलव्ध गराइएको भएतापनि महिलाहरुको वास्तविक पहुंच ती पक्षमा बृद्धि हुन सकेको छैन । महिलाहरुलाई आफ्नो अधिकार प्रति सुनिश्चित हुंदै प्राप्त गर्नुपर्ने सेवा सुविधाको सहज प्राप्तिमा मौजुदा अवस्थामा निम्न कारणले गर्दा सहजता हुन सकेको छैन ।

- ☐ सहकारी संस्थामा महिलाहरुको न्यून पहुंच,
- ☐ सेवा प्राप्तिका लागि आवश्यक स्रोत माथीको न्यून पहुंच,
- ☐ रुढीगत मानसिकता,
- ☐ महिलामा कायम रहेको न्यून उद्यमशिलताको स्तर,
- ☐ सामाजिक चेतनाको न्यूनता,
- ☐ महिलामा रहेको कमजोर आत्मनिर्णयको अधिकार,
- ☐ कानूनी अस्पष्टता र असहजता, आदि ।

उपरोक्त अवस्थाको निरुपण नगरी सहकारी संस्थाको कार्यक्रमहरुमा महिला मैत्री बातावरण निर्माण हुन सक्दैन । प्रत्येक सहकारी संस्थाले संस्थाको तर्फबाट उपलव्ध गराउने सेवालाई लैङ्गिक दृष्टिकोणले समानतामूलक बनाउन देखिएका चुनौतीहरु समाधान गर्दै अगाडी बढ्ने सिलसिलामा निम्नानुसारका पक्षमा निम्न बमोजिमको कार्यपद्धती र तरिका अवलम्वन गर्नु उपयुक्त हुन्छ ।

## १. महिला सदस्यताको संख्यामा बृद्धि :

सहकारी संस्थाको तर्फबाट प्रदान गरिने सेवा/सुविधाहरु उपभोग गर्न उक्त संस्थाको सदस्य हुनु पर्दछ। सदस्यको हैसियतले नियमित रुपमा संस्थामा उपस्थित हुन सक्ने वातावरण सृजना गर्ने तर्फ संस्था क्रियाशिल हुनुपर्दछ। साधारण सभामा नियमित प्रतिनिधित्व गराउने, संस्थाको नीति निर्माण गर्ने तहमा महिला सहभागिता बढाउने, संस्थाको कार्यक्रमको तर्जुमा र भावी गतिविधिका बारेमा जानकारी गराउदै संस्थाको तर्फबाट प्राप्त हुने लाभका बारेमा जानकारी दिने, सदस्यहरुले संस्थाको तर्फबाट प्राप्त गर्ने लाभ लिने तरिका आदीका बारेमा विस्तृत रुपमा जानकारी दिने प्रक्रियाले सहकारी संस्थाको तर्फबाट प्रदान गरिने सेवाको पहुंचमा महिलाको स्थान बढाउन सकिन्छ।

## २. महिलाको निमित्त सरल र सुविधाजनक व्यवस्था :

महिलाहरुको पहुंच सहकारी संघ/संस्थाको गतिविधिमा बढाउन सहकारी संघ/संस्थाले प्रदान गर्ने सेवा, सुविधाको वितरण प्रक्रियामा लक्षित वर्गलाई केही सुविधा/सहुलियत दिनुपर्दछ। महिलाहरुको शैक्षिक स्तर, सम्पत्ती माथीको पहुंचको अवस्था, पारिवारिक दायित्व, समय आदी पक्षलाई विचार गरि महिलालाई सहकारी संस्थाले विशेष व्यवस्था गर्ने नीति अवलम्वन गर्नुपर्दछ। यस क्रममा संस्थाले न्यूनतम रुपमा आफ्नो सक्षमताका आधारमा निम्न व्यवस्था गर्न सक्दछ।

- ☐ महिलाहरुको अनुकुल समयमा सेवा वितरण,
- ☐ महिलाका निमित्त नि:शुल्क व्यावसायिक परामर्श,
- ☐ प्रत्येक संस्थामा महिला विकास उपसमितिको व्यवस्था गरि सेवा/सुविधा वितरण,
- ☐ कर्जाको सांवा र व्याज घरदैलोमा नै वुझ्ने व्यवस्था,
- ☐ सफल व्यावसायिक परियोजनाको वारेमा जानकारी, आदि।

## ३. कर्जाको निमित्त दिइने धितो सम्बन्धी व्यवस्था :

नेपालका महिलाहरु मध्ये करिव १०.८३ महिलाको नाममा मात्र भूमि माथीको अधिकार रहेको तथ्य दशौं योजनाले उल्लेख गरेको छ। महिलाको सम्पत्ती माथीको अधिकार न्यून भएकै कारण उत्पादनशिल क्षेत्रमा आवश्यक कर्जाका लागि महिलाको तर्फबाट पर्याप्त धितो दिन सक्ने अवस्था छैन। धितोको अभावमा महिलाको कर्जा माथीको पहुंच बढ्न सकेको छैन। कर्जा प्राप्तिको लागि प्रयोग गरिने धितोको समूचित व्यवस्था नहुंदा महिलाहरु सहकारी संस्थाको तर्फबाट प्रदान गरिने सेवा/सुविधा उपभोग गर्नबाट विमुख रहनु पर्ने यथार्थतालाई मध्येनजर राख्दा सहकारी संस्थाको तर्फबाट प्रदान गरिने कर्जाको निमित्त सहकारी संस्थाका महिला सदस्यको लागि समूह जमानी वा संचालक समितिका सदस्य वा संस्थाबाट कर्जा लिइरहेको असल ऋणीहरु मध्ये दुई जना असल ऋणीको जमानीमा कर्जा लगानी गर्ने व्यवस्था गर्दा महिलाको कर्जा माथीको पहुंच बढ्न जाने र धितोको अभावका कारण आफ्नो उद्यमशिलता खुम्च्याउनु पर्ने अवस्था रहदैन।

## ४. महिला सदस्यमा गरिएको लगानीको व्याजमा सहुलियत :

महिलाहरुको उद्यमशिलता विकास गर्न महिलाले संस्थाबाट लिएका विभिन्न प्रकारका कर्जाहरुको व्याजदरमा सहुलियत र सरलीकरण गर्ने कार्यले संस्थामा महिलाको पहुंच बृद्धि हुन्छ। महिला सदस्यबाट असूल गरिने व्याजमा १ देखि २ प्रतिशत सम्म छुट दिने व्यवस्था महिला सदस्यको भाखा नाघेको व्याज लिइने जरिवानामा सहुलियत दिने नीतिले महिलाहरु अन्यत्र भन्दा संस्था प्रति कारोवार गर्न इच्छुक हुने, महिलाको आय आर्जन क्षमता बढ्ने र समग्रमा नै महिलाको संस्थामा प्रभाव बढी लैङ्गिक समानताको संभावना बढ्ने हुन्छ।

## ६. महिला सदस्यबाट उत्पादित वस्तुको बजारीकरणमा सहुलियत :

सहकारी संस्थाले सदस्यहरुलाई विभिन्न प्रकारको सेवा उपलव्ध गराउने सिलसिलामा बजार संयन्त्र र प्रणाली निर्माणको बाटो पनि उपलव्ध गराउंछ। व्यक्तिगत रुपमा गरिने बजारीकरणको प्रयास महंगो हुनुका साथै प्रभावकारी पनि नहुने कारणले गर्दा संस्थागत रुपमा नै बजार सुविधा उपलव्ध गराई कम लागत, समय र मूल्यमा वस्तु तथा सेवाको बजार संजाल निर्माण गर्न सहकारी संस्थाहरु क्रियाशिल रहन्छन्। सहकारी संस्थाले बजारीकरणको सुविधा दिने क्रममा लैङ्गिक समानता कायम गर्न महिला सदस्यबाट उत्पादित वस्तु तथा सेवाहरुको बजार सुनिश्चितता गर्ने कार्यले महिलाहरुको उद्यमशिलताको विकास हुन्छ। महिलाले उत्पादन गरेको वस्तुलाई प्राथमिकता दिई बजारमा विक्रि वितरण गर्ने नीति अवलम्वनले सहकारी संस्थाको सेवा उपभोगमा लैङ्गिक समानता कायम गर्न सकिन्छ।

## ७. महिला सीप प्रवर्द्धन गर्ने महिला लघुकर्जामा प्राथमिकता :

सहकारी संस्थाले लगानी गर्दा उच्च प्रविधिको व्यवसायमा मात्र आफ्नो लगानी केन्द्रीत गर्ने कार्यले शिक्षित, प्रभावशाली व्यक्तिहरुले मात्र उक्त संस्थाको सेवा उपभोग गर्न सक्ने अवस्था रहन्छ। सिमान्त वर्ग र तप्काका सदस्यहरु लाभान्वित हुने कार्यक्रमका लागि संस्थाले त्यस्ता क्षेत्र भन्दा पृथक कार्यक्रम र क्षेत्रमा लगानी गर्नुपर्दछ । लैङ्गिक दृष्टिकोणले समानतामूलक सहकारी संस्थामा लगानीका लागि महिलाहरुको सीप, दक्षता, अनुभव र योग्यता उपयोग हुने, स्थानीय स्तरमा उपलब्ध हुने प्रविधिमा आधारित र उत्पादित वस्तुहरु सहज रुपमा बजारीकरण हुन सक्ने प्रकृतिको सामाग्रीको उत्पादन केन्द्रीत गरि गरिने लघु ऋण कार्यक्रमलाई प्राथमिकता दिनु पर्दछ। यस्तो लगानीले महिलालाई कर्जा उपयोग गर्न सक्ने तुल्याउदै उद्यामशिलता र रोजगारीको अवसरमा बृद्धि गराउंछ ।

## ८. सहकारी संस्थाको सेवा प्रवाहमा लैङ्गिक समानता कायम गराउँदा ध्यान दिनुपर्ने पक्षहरु :

सहकारी संस्थाको सदस्य बन्नुको मूल उद्देश्य आफ्नो क्षमता विकासका लागि संस्थाको तर्फबाट प्राप्त हुने सेवा/सुविधा उपभोग गर्न सक्ने अवस्था सृजना हुनु हो । संस्थामा सदस्यको आवद्धता बढाउन, संस्थाको तर्फबाट प्रदान गरिने सेवाहरुको वितरण प्रणालीलाई सहज र पहुंच योग्य बनाउनु पर्ने यथार्थतालाई मध्यनजर राख्दा सहकारी संस्थामा लैङ्गिक समानताका क्षेत्रहरु पहिल्याउन महिला लक्ष्यित र महिला केन्द्रीत कार्यक्रमहरु संचालन गर्नुपर्दछ । महिलाको सक्षमता, भावना र अपेक्षा अनुरुपको सेवा प्रदान गर्ने प्रणालीले संस्था र सदस्य विचको सम्बन्धलाई वलियो र प्रभावकारी तुल्याउन मद्दत गर्दछ। सहकारी संस्थाको दीगोपन र संचालनमा अपनत्व लगायतका पक्षलाई बढावा दिन सहकारी संस्थाका तर्फबाट प्रदान गरिने सेवा/सुविधा वितरण गर्न निम्न पक्षमा विचार गर्दा महिला सदस्यहरुको पहुंच बढ्ने र समष्टीमा महिला सहभागिता बढाउन सहयोग पुग्दछ ।

- ☐ महिला केन्द्रीत लगानीमा पुरुषहरुलाई सजग र जागरुक तुल्याउने,
- ☐ स्थानीय स्तरमा सरल ढंगमा व्यावसायिक क्रियाकलाप गर्ने जोड,
- ☐ शिक्षा र चेतनाको प्रसार,
- ☐ महिला समूह मार्फत समूह गतिशिलता अभिबृद्धि,
- ☐ महिलालाई नियमित बचत गर्ने कार्यमा प्रोत्साहन,
- ☐ महिला केन्द्रीत लगानीको नियमित अनुगमन र परामर्श सेवा,
- ☐ स्थानीय स्तरका विकास क्रियाकलापमा सहकारी संस्था मार्फत महिला सदस्यको परिचालन, आदी ।

सहकारी संस्थाको सफलता सदस्यको विश्वासमा निर्भर रहन्छ । सदस्यहरुको विश्वासको स्तरलाई जीवन्त र प्रभावकारी तुल्याउन सदस्य केन्द्रीत क्रियाकलापमा संस्थाले जोड दिनुपर्ने कारण सहकारी संस्थामा महिला सहभागिता र क्रियाशिलता बृद्धि गर्न महिला उन्मुख (Pro-Women) कार्यक्रमहरु संचालन गरिनु पर्ने हुन्छ

## (ङ) महिला लक्षित कार्यक्रम :

सहकारी संस्थाहरु लैङ्गिक समानता कायम गर्ने महत्वपूर्ण संरचनागत आधारहरु हुन्। महिलाहरुको सहभागिता र क्रियाशिलतामा उनीहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासका क्षेत्रहरु पहिल्याउन सहकारी संस्थाहरु सक्रिय रहन्छन्। समाजका सदस्यहरुलाई संगठित बनाउन, सदस्यहरुका सक्षमताहरुलाई एकिकृत रुपमा प्रफुष्टरित गर्न, समूह शक्तिको माध्यमबाट साझा हितका विषयहरु पहिल्याउन सहकारी प्रणाली उपयोगी हुने तथ्यलाई मध्येनजर राखेर नै सहकारीलाई सिमान्त वर्गको समृद्धता हांसिल गराउने माध्यमको रुपमा स्वीकार गरिन्छ ।

सहकारी संस्थामा सदस्य हुने महिलाहरुले आफ्नो क्षमता विकासका माध्यमको रुपमा सहकारी संस्थालाई स्वीकार नगर्दा सम्म संस्था र सदस्यको हित हुन सक्दैन । तसर्थ, संस्थामा महिला सहभागिता बृद्धि गरि महिला-मैत्री संरचनाको निर्माण गर्न महिला सदस्यको निमित्त लक्ष्यित कार्यक्रमहरु संचालन गरिनु पर्दछ । लैङ्गिक समानता कायम गर्ने सन्दर्भमा लैङ्गिक दृष्टिकोणले पिछडिएका वर्गको स्तर लाई अभिबृद्धि गर्न तत् सम्बन्धी विभिन्न क्रियाकलापहरु संचालन गर्नु पर्दछ। शिक्षा, स्वास्थ्य, परिवार कल्याण, रोजगारी, सचेतना, सहभागिता जस्ता क्षेत्रमा लैङ्गिक दृष्टिकोणले पिछडिएका महिलाहरुलाई सहभागी गराउने प्रकृतिका देहाय अनुसारका कार्यक्रमहरु संचालन गर्दा महिलाको सक्रिय सहभागिता बढाउन सकिन्छ ।

## १. महिला शिक्षा कार्यक्रम :

सहकारी संस्थाले महिलाको चेतना, क्रियाशिलता, सहभागिता एवं विकासका निमित्त सहकारी सम्बन्धी शिक्षा तथा सूचनाहरुलाई व्यापकता दिनु पर्दछ । अन्तरराष्ट्रिय सहकारी महासंघ (International Cooperative Alliace) ले सहकारी शिक्षा तथा तालिमको माध्यमबाट नै सहकारीताको प्रवर्द्धन र विकासको मार्ग प्रशस्त हुने भएकोले शिक्षा तथा तालिमलाई सहकारीताको सिद्धान्तको रुपमा स्वीकार गरेको छ ।

लैङ्गिक समानतामूलक सहकारी संस्थाको निर्माणको निमित्त सहकारी संस्थामा सदस्य भएका र हुन चाहने महिलाहरुका लागि सहकारी सचेतना मूलक शिक्षाका अतिरिक्त अनौपचारिक शिक्षाका विभिन्न कार्यक्रमहरु (प्रौढ शिक्षा, प्राविधिक शिक्षा, आदी) संचालन गरि महिला वर्गको चेतना र आय आर्जन क्षमता बढाउन सकिन्छ। यसबाट लैङ्गिक दृष्टिकोणले पिछडिएका महिला वर्गको सहभागिता सुनिश्चित हुन मद्दत पुऱ्याउंछ ।

## २. महिला स्वास्थ्य कार्यक्रम :

सहकारी संस्थाले आफ्ना सदस्यहरुका सामाजिक, आर्थिक र व्यक्तिगत क्षमता विकास हुने क्षेत्रमा विभिन्न कार्यक्रमहरु संचालन गर्नुपर्दछ। समाजमा क्रियाशिल र हुने र समाजको संस्था प्रतिको विश्वासलाई कायम राख्न समुदाय प्रति केन्द्रीत क्रियाकलापहरुमा सहकारी संस्थाका कार्यक्रमहरु संचालन हुनु पर्दछ भन्ने अन्तरराष्ट्रिय सहकारी महासंघको समुदाय प्रति चासो जस्ता सहकारी सिद्धान्तका आधारमा सहकारी संस्थाले विभिन्न कार्यक्रमहरु संचालन गर्न सक्दछ ।

सहकारी संस्थाले आफ्ना सदस्यहरुका अतिरिक्त सदस्यता प्राप्त नगरेका अन्य व्यक्तिहरुको हितका लागि पनि कार्यक्रम संचालन गर्ने सिलसिलामा समुदायमा रहेका महिलाहरुका लागि परिवार स्वास्थ्य शिक्षा, प्रजनन शिक्षा, परिवार नियोजन, सरुवा रोग तथा अन्य स्वास्थ्य सम्बन्धी जानकारी दिने तालिम, शिक्षा कार्यक्रम संचालन गरि महिला लक्ष्यित कार्यक्रमलाई सफल तुल्याउन सकिन्छ। यस प्रकारका कार्यक्रमहरुले सहकारी संस्था प्रति महिलाको सम्मानभाव बृद्धि गराउन मद्दत पुऱ्याउँछ र अन्ततः सदस्यतामा बृद्धि गर्दछ ।

## ३. महिला आय आर्जन कार्यक्रम :

सहकारी संस्थाले आफ्ना गतिविधिहरुलाई व्यापक बनाउदै संस्थामा महिला लक्ष्यित कार्यक्रम संचालन गर्ने प्रयोजनमा रुचि महिलाहरुको आय आर्जन क्षमता बढाउने क्रियाकलापमा व्यापकता दिनुपर्दछ। महिलाहरुको क्षमता विकास हुने तथा उनीहरुको सक्षमताका आधारमा आय आर्जन गर्न सक्ने लक्ष्यित कार्यक्रमको संचालनले महिलाहरुको व्यावसायिकता अभिबृद्धि गराउन योगदान दिने र अन्ततः महिला सहभागिता, उद्यमशिलता, नेतृत्व लगायत निर्णय क्षमतामा नै अनुकूल स्थितिको निर्माण हुन्छ ।

सहकारी संस्थाका गतिवधिहरुलाई लैङ्गिक समानतामूलक बनाउन लैङ्गिक दृष्टिकोणले पिछडिएका महिलाहरुको क्षमता विकासका क्षेत्रहरु पहिल्याउनु पर्ने र तत् सम्बन्धी कार्यको प्रभावकारीता र सफलताका लागि महिलाहरुको आय आर्जन क्षमता बढ्नु पर्ने सन्दर्भमा सदस्य महिलाहरुको सीपको उपयोग हुने प्रकारका आय आर्जन अन्य कार्यक्रमहरु (जस्तै सिलाई, फेब्रिक पेन्टिङ्ग, मैनवत्ती निर्माण आदी) संस्थागत तथा व्यक्तिगत रुपमा संचालन व्यवस्था गर्नु उपर्युक्त हुन्छ ।

## ४. महिला अधिकार संरक्षण सम्बन्धी कार्यक्रम :

महिलाहरुको क्षमता विकासका निमित्त महिलाहरुलाई आफ्ना अधिकार प्रति सचेत र सजग तुल्याउनु पर्दछ। आधारभूत मानवीय अधिकारको निर्वाध उपयोगबाट नै महिलाहरुले आफ्नो विकासका क्षेत्र तथा माध्यमहरु पहिल्याउन सक्दछन् । महिलाहरुलाई प्राप्त हुनु पर्ने आधारभूत शिक्षा, स्वास्थ्य, पोषण लगायत क्षमता विकास संग सम्बद्ध अधिकारहरुको प्राप्तिका लागि सहकारी संस्थाले संगठित रुपमा आफ्ना क्रियाकलाप संचालन गर्नु पर्दछ ।

समाजको जागरुकताको स्तरलाई अभिबृद्धि गर्न, समाजमा रहेका महिलाहरु प्रति समाजले हेर्ने दृष्टिकोणमा सकारात्मक परिवर्तन ल्याउन, महिलाहरु उपर हुने असमानताको अन्त्य गर्न, महिलाहरुमा स्वनिर्णय र आत्मवल बढाउन तथा महिला उपर धार्मिक अन्धविश्वासका आधारमा गरिने थिचोमिचोका विरुद्ध सचेतना बढाउन सहायक हुने र महिलालाई आफ्नो आधारभूत अधिकारको प्राप्तिका लागि सचेत बनाउने जागरण उन्मुख कार्यक्रम संचालन गरि आय आर्जन र नेतृत्व विकास सम्बन्धी पक्षमा पुरुषको हाराहारीमा महिलाको सहभागिता सुनिश्चित गर्न सकिन्छ।

## ५. महिला लक्षियत कार्यक्रमको निमित्त ध्यान दिनुपर्ने पक्षहरु

सहकारी संस्थाले महिला सहभागिता र क्रियाशिलता बढाउन संचालन गर्ने उपरोक्त बमोजिमका महिला लक्षियत कार्यक्रमहरुले लैङ्गिक समताका माध्यमबाट समानता कायम गराउन सकिन्छ । महिला लक्षियत कार्यक्रमहरुको संचालनमा सहजता ल्याउन र ती कार्यक्रमहरु प्रति महिलाको सहभागिता बढाउन महिला अनुकूल हुने प्रकृतिका देहायका पक्षहरुमा विशेष ध्यान दिनु पर्दछ ।

- महिला लक्षियत कार्यक्रम प्रति साधारण सभा र संचालक समितिको सकारात्मक दृष्टिकोण,
- महिला सहभागिता वृद्धि,
- महिला विकास प्रति समाजको सकारात्मक धारणा,
- महिला मैत्री विनियम तथा नीतिगत निर्णय,
- महिला जागरुकता र क्रियाशिलता वृद्धि,
- सहकारी गतिवधिमा महिला क्रियाशिलताको स्तर अभिवृद्धि आदी ।

# परिच्छेद - ४
# निष्कर्ष

सहकारी संघ/संस्थामा लैङ्गिक समानता कायम गर्ने प्रयास र कार्यक्रमहरुको प्रभावकारीता सहकारी सम्बन्धी नीतिगत पक्षमा तदनुरुपको सुधार नगरी संभव हुँदैन । तसर्थ सहकारी ऐन तथा नियमावलीमा गरिएका विभिन्न व्यवस्थाहरुमा आधारित रहि नितीगत सुधारका प्रयासहरु हुनु पर्दछ । सहकारी गतिविधिलाई व्यवस्थित र प्रवर्द्धन गर्ने सिलसिलामा नेपाल सरकारले संचालन गरेका कार्यक्रमहरुलाई पनि लैङ्गिक समानताको दृष्टिकोणमा व्यवहारिक रुप दिदै कार्यान्वयन गर्ने सहकारी अभियानमा क्रियाशिल रहने सबै निकाय वा संस्थाको भूमिका रहने सन्दर्भमा सहकारीताको प्रवर्द्धन र विकासका क्रियाकलापमा संलग्न निकायहरुको प्रतिवद्धताले लैङ्गिक समानता कायम गर्न सकिन्छ ।

नेपाल सरकारले सहकारीताको प्रवर्द्धन र विकासका निमित्त अन्तर्राष्ट्रिय सहकारी महासंघले प्रतिपादन गरेको सिद्धान्तको आधारमा रहि आन्तरिक नियन्त्रण प्रणालीको सवलताका क्षेत्रहरु पहिल्याउंदै कार्य गरिरहेको छ। यस क्रममा सहकारी संघ/संस्थाका सदस्यहरुलाई सहकारी सम्बन्धी तालिम प्रदान गर्ने, सहकारीताको प्रवर्द्धन र विकासका लागि नीतिगत पक्षमा सम(सामयिक सुधार गर्ने, सहकारी प्रणालीलाई सदस्य केन्द्रीत र सदस्य उन्मुख तुल्याउने कार्यलाई व्यापकता दिएको छ। सहकारी विभागले पनि आफूले संचालन गर्ने विभिन्न प्रकारका कार्यक्रमहरुलाई लैङ्गिक दृष्टिकोणले समानतामूलक बनाउनु जरुरी हुन्छ । विशेष गरी महिला सहकारी संस्थाहरुको प्रवर्द्धन, सहकारी गतिविधिमा महिलाहरुको पहुंच बृद्धि, महिला केन्द्रीत कार्यक्रमहरुको संचालन लगायतका पक्षहरुबाट वास्तविक अर्थमा नै लैङ्गिक समानता कायम गराउन सकिने हुंदा ती पक्षमा विशेष ध्यान पुऱ्याउनु पर्दछ ।

विश्वभरी नै समाजिक आन्दोलनको नयां विषयको रुपमा स्थापित लैङ्गिक समानताको प्रसंगले नेपालमा पनि स्थान पाईसकेको अवस्थामा नेपाल सरकारका निकायहरुले पनि यस दिशामा प्राथमिकता दिएका छन्। नेपाल सरकारका तर्फबाट सहकारीताको प्रवर्द्धन र विकासका निमित्त गरिएको प्रयासहरुमा लैङ्गिक समानता कायम गर्ने वातावरण निर्माण गर्ने पहल भएको छ। विशेष गरी सहकारी प्रशिक्षण

कार्यक्रममा महिला सहभागिता बृद्धि गर्ने प्रयासलाई अभियानको रुपमा अगाडी बढाइएको छ । तालिम कार्यक्रममा महिला प्रशिक्षार्थीहरुको संख्यालाई अनुपातिक रुपमा पुरुषको तुलनामा वरावरी बनाउने पनि महिला जागरण बृद्धि गर्ने, महिला केन्द्रीत सहकारी कार्यक्रम संचालन गर्ने, महिलाद्वारा संचालित सहकारी संस्थाहरुलाई प्राविधिक सहयोग उपलव्ध गराउने जस्ता कार्यक्रमहरु संचालन गरिएका छन् ।

विकासका प्रत्येक क्रियाकलाप संचालनमा लैङ्गिक समानता कायम गर्ने प्रयासलाई सार्थकता दिन सरकारी तथा गैर सरकारी निकायहरुको तर्फबाट पनि पर्याप्त प्रयास भईरहेको छ । यसै क्रममा सहकारी क्षेत्रमा पनि लैङ्गिक समानता कायम राख्न नेपाल सरकार र सहकारी संघ/संस्थाहरुले पनि आ(आफ्नो क्षेत्रबाट स्पष्ट नीति र कार्यक्रम सांचालन गर्नुपर्ने आवश्यकता छ । सरकारी क्षेत्रले आफ्ना कार्यक्रमलाई लैङ्गिक समानता मूलक बनाउन महिला केन्द्रित कार्यक्रमहरुमा व्यापकता दिनु पर्दछ भने सहकारी संघ/संस्थाहरुले कार्यक्षेत्रमा नै महिला सहभागिता प्रत्येक पक्षमा बलियो बनाउनु जरुरी हुन्छ ।

नेपाल सरकारका निकायहरु तथा सहकारी संघ/संस्थाहरुका अतिरिक्त सहकारी संघ/संस्थाको गठन गर्न प्रेरित गर्ने विभिन्न गैर सरकारी संस्था एवं दातृ संस्था तथा निकायका कार्यक्रमहरुमा पनि लैङ्गिक समानताको पक्षलाई सवल बनाउदै सहकारी संघ/संस्था मार्फत महिला विकासका प्रयासहरुलाई सफल बनाउन सकिन्छ । महिला सशक्तिकरण र विकासका लागि सहकारी संघ/संस्थाहरु स्थानीय स्तरमा नै प्रभावकारी र उपयोगी हुने तथ्यलाई प्रमाणित गर्न सहकारी अभियानमा संलग्न सबै निकाय वा संस्थाहरुको क्रियाशिलता रहनु जरुरी हुन्छ । प्रस्तुत सन्दर्भमा आ-आफ्नो क्षेत्रबाट नीतिगत तथा कार्यक्रमगत क्रियाकलापहरु संचालन गर्दा नै वास्तविक अर्थमा लैङ्गिक समानता कायम गराउन सकिने अवस्था सृजना हुन्छ ।

........................... o ...........................

# अनुसूचि १

**सहकारी शिक्षा तथा तालिममा लैङ्गिक समानताको स्थिति पहिचान गर्ने Checklist**

१. संस्थाको कुल सदस्यमा महिला र पुरुषको अंश

२. महिला सदस्यहरुको संख्या

३. तालिम प्राप्त महिला सदस्यको संख्या

४. सहकारी जागरण तालिममा महिला र पुरुष विचको अनुपात

५. तालिममा सहभागी छनौट गर्दा महिला र पुरुषको अनुपात ।

६. त्इत प्राप्त महिला र पुरुषको अनुपात ।

७. व्यवस्थापन तालिममा महिला र पुरुषको अनुपात ।

८. संचालक स्तरको तालिममा महिला र पुरुषको अनुपात ।

९. केन्द्रीय स्तरमा संचालन हुने तालिममा महिला र पुरुषको अनुपात ।

१०. महिला लक्ष्यित तालिम कार्यक्रमको सहभागी संख्या ।

११. महिला सीप विकास तालिमको संख्या र सहभागिता, ।

१२. महिला सहभागीलाई विशेष सहुलियत भए/नभएको ।
भए, के कस्ता सहुलियतहरु दिएका छन् ।

(क)

(ख)

(ग)

(घ)

## अनुसूचि २

**सहकारी संस्थामा लैङ्गिक समानता सम्बन्धी Checklist**

१. सहकारी संख्याको कुल सदस्य संख्या र त्यसमा महिला र पुरुषको अंश ।
२. संस्था गठन गर्दा महिला र पुरुषको विचको सदस्य संख्यालाई अनुपात ।
३. सहकारी सचेतना बृद्धिका लागि सचेतना र जागरण कार्यक्रम, त्यसमा महिला सहभागिता ।
४. महिला सहकारी संस्था स्थापनामा सहजता/विषमता के के छन् ?
५. महिला सदस्यता बृद्धिको प्रयास ।
६. संचालक समिति वा साधारणसभाको बैठकमा सहजता महिला वा विसमता उपस्थितिको स्थिति,

| सहजता | विषमता |
|---|---|
| १. | १. |
| २. | २. |
| ३. | ३. |

७. संचालक समिति/लेखा सुपरिवेक्षण समिति/उपसमितिहरुको पदाधिकारीमा महिला र पुरुषको विचको अनुपात ।
८. जिल्ला तथा केन्द्रीय सहकारी संघमा प्रतिनिधित्व गर्ने सदस्यमा महिला र पुरुषको विचको अनुपात ।
९. सहकारी संस्थाले गठन गरेको उपसमितिका संयोजक तथा सदस्यहरुमा महिला र पुरुषका विचको अनुपात ।
१०. निर्वाचित पदाधिकारीको निर्वाचनमा खडा हुने उम्मेदवारको विचमा रहेको महिला र पुरुष विचको अनुपात ।
११. संस्थाको साधारण सभामा महिला र पुरुषको विचको उपस्थिति अनुपात,
१२. महिला सदस्यता बृद्धिका लागि संचालित कार्यक्रमको संख्या र सदस्यता बृद्धि संख्या,
१३. विगत तीन वर्षमा संचालक समितिमा महिला प्रतिनिधित्वको संख्या ।
१४. लेखा समितिको सदस्यमा विगत तीन वर्षमा रहेको महिला सदस्यताको स्थिति ।

## अनुसूचि ३

**सहकारी संस्थाको नेतृत्व विकासमा लैङ्गिक समानता कायम गराउने (Checklist)**

१. सहकारी संस्थाको मौजुदा निर्वाचित पदाधिकारीमा महिला र पुरुष विचको अनुपात ।
२. लेखा(सुपरिवेक्षण समिति र अन्य उप(समितिहरुमा महिला र पुरुषको विचको अनुपात ।
३. निर्वाचित हुने पदका लागि पछिल्लो निर्वाचनमा खडा भएका महिला र पुरुष विचको अनुपात ।
४. विगत तीन वर्षको तुलनामा महिला संचालकको संख्यामा भएको बृद्धिको दर ।
५. केन्द्रीय वा जिल्ला सहकारी संघमा महिला सहभागिताका प्रतिनिधित्वको अवस्था ।
६. सहकारी संख्याका निर्वाचित महिला सदस्यका लागि प्रदान गरिएको जिम्मेवारी ।
७. संचालक समितिको बैठकमा उपस्थिति र सक्रियता ।
८. संस्थाको आगामी क्रियाकलाप र भूमिका उपरको दृष्टिकोण ।
९. महिला नेतृत्व निर्माणका निमित्त अन्य सदस्यहरुको सहयोगको स्तर ।
१०. स्वीकृत विनियममा महिला पदाधिकारी निर्वाचित हुने व्यवस्था रहे/नरहेको ? भए कुनै विशेष छुट ।
११. उत्कृष्ट महिला नेतृत्व छनौटको प्रचलन सम्बन्धी प्रावधान ?

क.
ख.
ग.

# अनुसूचि ४

## सहकारी संस्थाबाट प्रदान गर्ने सेवा सुविधामा समानता  सम्बन्धी (Checklist)

१.	कुल वचतकर्ता मध्ये महिला र पुरुष बचतकर्ता विचको अनुपात ।
२.	ऋण लगानीमा महिला र पुरुषको विचको अनुपात ।
३.	महिला सदस्यका लागि बचत व्यवस्थापनमा विशेष व्यवस्था रहे/नरहेको, यदि भए,
१.
२.
३.
४.	महिला सदस्यका लागि प्रदान गरिने विशेष छुट/सहयोगको छन्/छैनन्? यदि भए,
१.
२.
३.
५.	परियोजना संचालनमा महिला सहभागिताको स्तर र महिलाका लागि प्रदान गरिने विशेष सेवाहरु ।
१
२
३
६.	महिला सदस्यद्वारा उत्पादित बस्तु तथा सेवाको विक्री वितरणको विशेष व्यवस्था रहे/नरहेको । यदि भए के कस्तो प्रकारको सुविधाहरु प्रदान गरिएको ।
१.
२.
३.
७.	संस्थामा महिला सीप विकास सम्बन्धी तालिमहरु संचालन भए/नभएको ? यदि भएको भए विगत तीन वर्षमा महिला केन्द्रीत यस्ता तालिमको संख्या र लाभान्वित सदस्य संख्या कति रहेको ? संख्या   सहभागी
१.
२.
३.
८.	महिलाहलाई प्रदान गरिएको कर्जाको व्याज भुक्तानीमा कुनै विशेष छुट सुविधा भए/नभएको ? भए के कस्तो प्रकारको सुविधा रहेका छन् ?
१.
२.
३.
९.	महिला केन्द्रीत लगानीका लागि विशेष व्यवस्था भए/नभएको ? भए कस्तो प्रकारको व्यवस्था रहेको छ  ।
(क)
(ख)
(ग)
(घ)

# अनुसूचि ५

## महिला लक्ष्यित कार्यक्रम संग सम्बन्धित Checklist

१. सहकारी संस्थाले महिला साक्षरता बृद्धिका लागि विगत तीन वर्षमा कुन कार्यक्रम संचालन गरे/नगरेको ? यदि संचालन गरेको भए कति सदस्य सहभागी भएका छन् ?

(क)

(ख)

(ग)

(घ)

२. सहकारी संस्थाको तर्फबाट सदस्य तथा ग्रैह्र सदस्यको स्वास्थ्यको स्तरलाई बृद्धि गर्न कुनै प्रकारको महिला लक्ष्यित स्वास्थ्य कार्यक्रम संचालन गरे/नगरेको ? यदि गरेको भए ? के कस्ता कार्यक्रम कति पटक भए ?

(क)

(ख)

(ग)

(घ)

३. महिला सदस्यको आय आर्जन क्षमता बृद्धिका लागि गरिएका व्यवसायमूलक तालिमहरु विगत तीन वर्षमा भए/नभएकाहरु छन् ? यदि भएका भए कति कार्यक्रमबाट लाभान्वित भए ?

(क)

(ख)

(ग)

(घ)

४. सहकारी संस्थाको तर्फबाट महिला हक/अधिकार संरक्षणका निमित्त भएका प्रयास र त्यसबाट लाभान्वित सदस्य संख्या,

(क)

(ख)

(ग)

(घ)

५. आफ्नो नाममा स्थिर सम्पत्ती भएका प्रयास महिला सदस्यको विगत तीन वर्ष र हाल रहेको संख्या ।

(क)

(ख)

(ग)

(घ)

६. सामाजिक कुरीती विरुद्ध सहकारी संस्थाका कार्यक्रम र तीनको प्रभावकारीता ।

(क)

(ख)

(ग)

(घ)

७. महिलालाई विशेष सुविधा दिने गरि विनियममा गरिएको व्यवस्था र सो को कार्यान्वयनको स्तर ।

(क)

(ख)

(ग)

(घ)

८. साधारणसभा वा संचालक समितिमा महिला सदस्यको धारणा र विचार प्रतिको स्वीकारोक्तीको स्तर ?

(क)

(ख)

(ग)

(घ)

## सन्दर्भ सामाग्री


१. नेपाल अधिराज्यको संविधान (२०४७)

२. सहकारी ऐन (२०४८ तथा सहकारी नियमावली २०४९)

३. दशौं योजना (२०५९/२०६४)

४. Anne - Brit Nippierded "Gender Issues in cooperatives"

५. ICA Bulletines

६. सहकारी स्मारिका, राष्ट्रिय सहकारी संघ, २०६२

७. Women Empowerment Through cooperatives and self help Groups Savitri Singh.

८. महिला विकास विभाग महिला तथा समाजकल्याण मन्त्रालयका विभिन्न प्रकाशनहरु,

९. सहकारी सम्वन्धी विभिन्न लेख ।